का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ फागुन २०८२

बुधबार

25 February 2026

Wednesday

नेपाल संवत् ११४६

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २४, अंक ३४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# मधेशवादी दलालाई मधेशमै असहज



गगन थापा र बालेन शाह भावी प्रधानमन्त्रीको कार्ड बोकेर मधेश झरेपछि चुनावी माहोल नै बदलिएको छ । यी दुई नेताको नीति र प्रचारशैलीले मधेश केन्द्रित दलहरू छायाँमा परेका छन् ।



मधेश केन्द्रित दलहरूको प्रतिस्पर्धामा पहिला कांग्रेस, एमाले र माओवादी हुन्थे । अहिले रास्वपा पनि छ । यसकारण मधेशकेन्द्रित दलहरूलाई चुनौती थपिएको छ ।

■ **केशव झा**
**महासचिव**
**राष्ट्रिय मुक्ति पार्टी**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १२ फागुन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापा र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह आ-आफ्ना पार्टीबाट भावी प्रधानमन्त्रीका रुपमा प्रस्तुत गरिएका छन् । दुवैले मधेशलाई प्रभावित पार्ने प्रयास गरेका छन् । बालेनलाई मधेशको छोराको रूपमा प्रस्तुत गर्दै मधेशी मूलको पहिलो प्रधानमन्त्री भनेर प्रचार गरिरहेको छ । कांग्रेसले गगन थापालाई नयाँ पुस्ताको नेताको रूपमा प्रस्तुत गरेर मत मागिरहेको छ । सभापति थापा आफैं सर्लाही-४ बाट उम्मेदवार बनेका छन् ।

गगन र बालेन भावी प्रधानमन्त्रीको कार्ड बोकेर मधेश झरेपछि चुनावी माहोल नै बदलिएको छ । यी दुई नेताको नीति र प्रचारशैलीले मधेश केन्द्रित दलहरू छायाँमा परेका छन् । मधेश केन्द्रित दलको प्रभाव घटाएर आफ्नो वर्चस्व »» पृष्ठ २ मा

### ■ ओझेलमा उपेन्द्र र राजेन्द्र

२०६४ पछि उपेन्द्र यादव मधेशबाट उदाएका नेता हुन् । अर्का नेता महन्थ ठाकुर उपेन्द्र नेतृत्वकै पार्टीमा मिलिसकेका छन् । अर्का नेता राजेन्द्र महतो चनावी मैदानमा छन् । तर उनीहरू यसपटक ओझेलमा छन् ।

यी नेताहरूले आफ्ना मुद्दलाई राष्ट्रिय मुद्दा बनाउन नसकेको स्थानीयको आरोप छ । गुटगत राजनीतिले जकडिएका उनीहरूबीच टुटफुटले बढी प्राथमिकता पाएका कारण पनि अब राष्ट्रिय राजनीतिमा प्रभाव पार्न नसक्ने अवस्थामा पुगेको राजनीतिक विश्लेषकहरू बताउँछन् । उनीहरूमाथि पनि भ्रष्टाचार, कुशासन, गुटबन्दी र जनअपेक्षा पूरा गर्न नसकेकोजस्ता आरोप छन् । त्यसकारण यी दलहरूलाई संगठनको मत जोगाउन चुनौती देखिएको हो । परम्परागत पार्टी र उम्मेदवार रोज्ने »» पृष्ठ २ मा

### ■ सिकेलाई छैन सहज

२०७९ सालको निर्वाचनमा सप्तरी-२ बाट जसपाका उपेन्द्र यादवलाई दोब्बरभन्दा बढी मतान्तरले पराजित गरेका जनमत पार्टीका अध्यक्ष सिके राउतलाई समेत यो निर्वाचन सहज छैन । राउत अघिल्लो निर्वाचनबाट संसदीय राजनीतिमा आएका नेता हुन् । दोस्रो निर्वाचनमा नै उनको अवस्था खस्कने अवस्था बनेको कतिपयको आकलन छ ।

राउतले नै आफ्नो जोडबलमा पार्टीबाट मधेश प्रदेशमा मुख्यमन्त्री बनाएका सतिश सिंह जनमत छाडेर स्वाभिमान पार्टीबाट राउतसँगै प्रतिस्पर्धा गर्न सप्तरी-२ बाट उम्मेदवार बनेका छन् । यसले उनको जितलाई रोक्ने सम्भावना बढेको देखिन्छ ।

रौतहट-२ बाट चुनाव लडेका आम जनता पार्टीका अध्यक्ष प्रभु साहलाई समेत यसपटक चुनाव जित्न »» पृष्ठ २ मा

# ईस्तियाक र सुधांशुको काँटेको टक्करमा विवेकको 'इन्ट्री'

चुनावी विश्लेषण
बाँके-२









**जनक नेपाल/मध्यान्ह**
काठमाडौं, १२ फागुन

दिवंगत पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति सुशील कोइरालाको चुनावी क्षेत्रका रुपमा परिचित छ, बाँके क्षेत्र नम्बर २ । कांग्रेसको राम्रो जनाधार भएर पनि कोइरालालाई चुनाव जित्न भनेसधैं हम्मे-हम्मे परिरह्यो । त्यो सकसपूर्ण किस्सा उनी बेलाबखत सुनाइरहन्थे । चुनावको अघिल्लो रातलाई कोइराला 'कतल कि रात' भन्थे । त्यही अन्तिम रातले नेपालगन्जको चुनावी नतिजा उलटफेर गरिदिने उनको अनुभव थियो ।

२०७० को संविधानसभा निर्वाचनमा उनलाई कांग्रेसले भावी प्रधानमन्त्रीका रुपमा प्रचार गरेको थियो । तर, उनी बाँके-२ बाट चुनाव जित्नेमा ढुक्क थिएनन् । त्यसैले बाँकेसँगै उम्मेदवारी दिन चितवन-३ पनि पुगे । त्यसबेला उनी दुवै ठाउँबाट चुनाव जित्न सफल भए । तैपनि, कोइरालाले बाँके-२ छाडेनन्, चितवनमा उपनिर्वाचन भयो ।

कोइराला बितेकै दशक भइसक्यो । बाँके-२ को चुनावी नतिजा भने अहिले पनि उस्तै, अनुमान गर्न मुस्किल हुने खालकै छ । नेपालगञ्ज उपमहानगरपालिकाका २२ वटा वडा र डुडुवा गाउँपालिकाका ६ वटा वडा समेटिएको यस निर्वाचन क्षेत्रमा १ लाख ८ हजार २९० मतदाता छन् । यहीँबाट पूर्वप्रधानमन्त्री कोइराला २०४८ यताका पाँच निर्वाचन लडे । तर, कोइराला मात्र होइन्, कुनै पनि सांसद्ले दोहोरिएर चुनाव जित्न सकेका छैनन् ।

चुनावी नतिजा विश्लेषण गर्दा बाँके-२ का मतदाताले हरेक चुनावमा आफ्नो मत परिवर्तन गर्दैआएको पाइन्छ । २०४८ मा चुनाव जितेका कोइराला २०५१ मा राप्रपाका शान्तिशमसेर राणासँग पराजित भए । २०५६ मा कोइराला पुनः फर्किए । २०६४ को संविधानसभामा भने मधेसी जनअधिकार फोरमका सर्वदेव ओझासँग पराजित हुन पुगे । दुई पटक हार बेहोरेका कोइरालालाई अन्तिममा यसै क्षेत्रले देशको प्रधानमन्त्री भने बनायो ।

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा बाँके-२ मा चार उम्मेदवार मुख्य प्रतिस्पर्धामा देखिन्छन् । झट्ट हेर्दा नेपाली कांग्रेसका सुधांशु कोइराला र नेकपा एमालेका ईस्तियाक राईकी बीच काँटेका टक्कर देखिन्छ । तर भित्रभित्रै रास्वपाका विवेक श्रेष्ठ र राप्रपाका ऋषिराज देवकोटाले पनि आफ्नो मत बढाईरहेका छन् ।

एमाले उम्मेदवार ईस्तियाक राई मधेस आन्दोलनबाट उदाएका नेता हुन् । २०६४ यता उनले लडेका चार वटा चुनावमध्ये दुई जित र दुई हार बेहोरेका छन् । उनी मुस्लिम समुदायमा लोकप्रिय मानिन्छन् । मधेस आन्दोलनदेखि संगै आएका समर्थक लिएर यसपटक उनी एमालेबाट चुनाव लड्दै छन् । बाँके-२ मा एमालेको झण्डै १० हजार पपुलर मत रहेको दाबी सो पार्टीको छ । ईस्तियाकले त्यही मतमा आफ्नो व्यक्तिगत लोकप्रियता र मुस्लिम समुदायको विश्वास प्राप्त »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# रोजगार मेलासहित टोकियोमा नेपाल–जापान दोस्रो रोजगार सम्मेलन

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
टोकियो, जापान, १२ फागुन



जापानको राजधानी टोकियोमा नेपाल-जापान दोस्रो रोजगार सम्मेलन सम्पन्न भएको छ । सम्मेलनको जापानका न्यायमन्त्री हिरोशी हिरागुची, नेपालको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्ले तथा जापानका लागि नेपाली कार्यवाहक राजदूत हरिहरकान्त पौडेलले उद्घाटन गरेका थिए ।

टोकियो महानगरीय औद्योगिक व्यापार केन्द्र हामामात्सुचो-कानमा आयोजना गरिएको रोजगार सम्मेलनमा नेपालबाट ३८ म्यानपावर कम्पनी र झन्डै एक सय जना व्यवसायी सहभागी थिए । मेलामा जापानका करिब ५ सय रोजगार व्यवसायी सहभागी भएका थिए ।

उद्घाटन सभालाई सम्बोधन गर्दै जापानका न्यायमन्त्री हिरोशी हिरागुचीले सम्मेलनको सफलताको शुभकामना व्यक्त गरे । उनले जापान बढी भन्दा बढी इमानदार नेपाली कामदार लिन आतुर रहेको उल्लेख गर्दै जापान र नेपालको सम्बन्ध अझ प्रगाढ रहोस् भन्ने कामना गरे ।

रोजगार सम्मेलनलाई सम्बोधन गर्दै श्रमसचिव डा. काफ्लेले रोजगारीको खोजीमा रहेका नेपालीलाई जापान पठाउन सरकारले सहजीकरण गर्ने उल्लेख गरे । उनले जापानमा रहेका नेपालीको समस्या समाधानका लागि पनि सरकारले आवश्यक पहल गरिरहेको र आगामी दिनमा पनि गर्ने बताए ।

यस्तै जापानका लागि नेपालका कार्यवाहक राजदूत पौडेलले सीमित स्रोत र साधनका बाबजुद दूतावासले व्यवसायीहरूलाई सकेसम्म छिटो सेवा प्रदान गरिरहेको बताए । उनले जापानमा श्रमिक जनशक्तिको खाँचो दिनानुदिन बढ्दै गइरहेको उल्लेख गर्दै भाषामा दक्ष सीपयुक्त कामदार उत्पादन गरेर पठाउन नेपाली व्यवसायीहरूलाई आग्रह गरे ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष तथा रोजगार मेलाका सहसंयोजक प्रेमबहादुर कटुवालले रोजगार सम्मेलनमा जापानी रोजगारदातहरुको सक्रिय सहभागिता रहेको जानकारी दिए ।

सम्मेलनमा संघका महासचिव महेशकुमार बस्नेतले नेपाली कामदारको सीप, भर्ना प्रक्रियालगायतका विषय समेटिएको कार्यपत्र प्रस्तुत गरे । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको तर्फबाट उनले नेपाल जापान रिक्रुटमेन्ट डेस्क स्थापनाका लागि जोड दिए । उनले डेस्कले दुवै देशका नीतिगत सुधार र संवादलाई निरन्तरता दिने, समस्या र सम्भावनामा जिम्मेवार भूमिक निभाउने र जापानसँगको संस्थागत सहकार्यलाई संस्थागत रूप दिने उल्लेख गरे ।

रोजगार सम्मेलनको उद्घाटन सत्रमा जापान-नेपाल पार्लियामेन्ट्री फ्रेन्डसिप लिगका चेयरम्यान तथा हाउस अफ काउन्सिलर्सका सदस्य योसुके सुरो, इमिग्रेसन सर्भिस एजेन्सीकी फर्स्ट कमिस्नर तथा इमिग्रेसन एसिस्टेन्स एसोसिएसनकी डाइक्टर सिको ससकी, जापान इन्टरनेसनल ट्रेनी तथा स्किल्ड वर्कर कोअपरेसन अर्गनाइजेसनका चेयरम्यान सिन्जी ओगवा, फरेन इम्प्लोइमेन्ट काउन्सिलका डाइरेक्टर »» पृष्ठ २ मा

# परिचयपत्र खोज्दै मतदाता

साथमा मतदाता परिचय पत्र भएकालाई समस्या भएन । मतदाता परिचयपत्र हराएका वा नलिएका मतदाता भने कसरी परिचयपत्र बनाउने भन्ने विषयमा सोधीखोजी गरिरहेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ फागुन

निर्वाचनको दिन नजिकिएसँगै मतदाताहरू तयारीमा जुट्न थालेका छन् । यसका लागि उनीहरू मतदाता परिचयपत्र कहाँ छ भनेर खोज्दैछन् । साथमा परिचय पत्र भएकालाई समस्या भएन । मतदाता परिचयपत्र हराएका वा नलिएका मतदाता भने कसरी परिचयपत्र बनाउने भन्ने विषयमा सोधीखोजी गरिरहेका छन् ।

कतिपय मतदाताहरू यही जिज्ञासा राखेर निर्वाचन आयोगमा फोन गरिरहेका छन् । मतदाता, नागरिक र सरोकारवालाको जिज्ञासा तथा प्रश्नहरूको सुनुवाइका लागि निर्वाचन आयोगमा कल सेन्टर छ । निर्वाचनसँग सम्बन्धित विषयमा अलमल भए वा कुनै प्रश्न रहे निःशुल्क टोल-फ्री नम्बर ११०२ मा कल गर्न सकिन्छ ।




माघ ५ गते स्थापना भएको कल सेन्टरमा मतदाताले दिनहुँ जिज्ञासा तथा प्रश्नहरू गरिरहेका छन् । यस्तैमा परिचयपत्र हराएका वा नष्ट भएकाले निर्वाचन आयोगलाई फोन गरेका हुन् ।

निर्वाचन आयोगले सरकारी कागजातहरू भए मतदान गर्न पाइने जवाफ दिने गरेको छ ।

मतदाताको प्रश्न छ, 'मतदाता परिचय पत्र नभएमा मत हाल्न पाइन्छ कि पाइँदैन ?' यसको जवाफमा आयोगले ६ प्रकारका सरकारी कागजातमध्ये कुनै एक भए मतदान गर्न पाइने बताउने गरेको छ ।

आयोगका अनुसार मतदान गर्नका लागि मतदाता नामावलीमा नाम दर्ता भएको हुनु अनिवार्य छ । मतदाता नामावलीमा नाम दर्ता भएका व्यक्तिले मतदान गर्न जाँदा सामान्यतया आफूसँग भएको मतदाता परिचयपत्र साथमा लिएर जानुपर्छ ।

मतदाता परिचयपत्र नभएको वा नस्ट भएको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र र जग्गाधनी प्रमाण पूर्जामध्ये कुनै एउटा सक्कल कागजात साथमा लिएर जाँदा मतदान गर्न पाइन्छ ।

कतिपयले भने अझै मतदाता परिचयपत्र बनाउन सकिन्छ कि भनेर सोध्नेहरू छन् । जवाफमा आयोगले मतदाता परिचयपत्र बनाउने तरिका सिकाउने गरेको छ । जसअनुसार मतदाता परिचयपत्र निर्माण »» पृष्ठ २ मा



**मधेशवादी...**

बढाउन नेपाली कांग्रेस र रास्वपाका अलावा नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टीसहित दलहरू लागिपरेका छन् । परिणाममा विगतका निर्वाचनमा प्रभावी रहेका मधेश केन्द्रित दलहरू यसपटक असहज महसुस गर्ने अवस्थामा पुगेका छन् ।

यसपटक मधेशमा कांग्रेस-रास्वपा र एमाले मुख्य प्रतिस्पर्धी बन्ने देखिएको छ । प्रतिनिधिसभाका ३२ निर्वाचन क्षेत्र रहेको मधेश प्रदेशमा विभिन्न दल र स्वतन्त्र गरी एक हजार ५४ जना उम्मेदवार छन् ।

नयाँ, पुराना दल र स्वतन्त्र उम्मेदवारहरूले घरदैलो, सभा-सम्मेलन र रणनीतिक भेटघाटलाई तीव्र बनाउँदा मधेशको माहोल तातेको छ ।

तराईका मतदाताले जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत, राष्ट्रिय मुक्ति पार्टी नेपाल, आम जनता पार्टी (आजपा)सहित दल र तीनका उम्मेदवारलाई पुरानै रूपमा हेरेका छन् । रास्वपा नयाँ दाबी गर्दै तराई झरेको छ भने कांग्रेस बदलिएर मधेशका मुद्दालाई राष्ट्रिय मुद्दा बनाउने योजनासहित अगाडि बढेको छ ।

**ओझेलमा...**

कि नयाँ भन्ने विषयमा अधिकांश मतदाताहरूमा अझै अन्योलता देखिएको मधेशको राजनीतिका जानकार समेत रहेका पत्रकार नविन झाले बताए । 'पछिल्लो पटक चलेको हावाले कहाँ पुऱ्याउँछन् भन्न सक्ने अवस्था छैन', उनले भने, 'तर मधेश केन्द्रित दलहरूलाई यो पटक निकै चुनौती छ । उपेन्द्र यादव नेतृत्वको जसपाको केही सिट ल्याउने देखिएपनि अरू मधेशकेन्द्रित दलको अवस्था कमजोर हुँदै गएको छ ।'

जसपाले अघिल्लो निर्वाचनमा मधेश प्रदेशबाट ७ सहित प्रतिनिधिसभामा १२ सिट प्राप्त गरेको थियो । त्यस्तै पार्टी अध्यक्ष सिके राउतले जितेर मधेशबाट जनमतको एक सिट जोगाएको थियो । यस पटक यी दलहरूले प्रत्यक्षमा जित्ने सम्भावना कम रहेको स्थानीय नेताहरू बताउँछन् । सिके राउतको जितमा ब्रेक लागे जनमतको सिट शून्य हुन सक्ने आकलन कतिपयको छ ।

तर जसपा नेपालका प्रवक्ता मनिष सुमनले मधेशमा आफ्नो दल सबैभन्दा ठुलो हुने दाबी गरे ।

'जसपा नेपालले यसपटक साविकको अवस्थालाई कायम राख्ने मात्रै होइन', उनले मध्यान्हसँग भने, 'हामीले १५ सिट जित्ने अपेक्षामा छौं । अरू निर्वाचन क्षेत्रपनि प्रतिस्पर्धामै छौं ।' जसपा र लोसपा मिलेकाले यो सिट पाउनेमा नेताहरू आशाबादी छन् ।

राष्ट्रिय मुक्ति पार्टी नेपाल, आम जनता पार्टी (आजपा)सहित दलहरू पनि आफ्नो पक्षमा माहोल तयार गर्न खटेका छन् । तर उनीहरूको अवस्था पनि सोचेअनरूप नरहेको बताइएको छ । राष्ट्रिय मुक्ति पार्टीका राजेन्द्र महतो र नेकपाका नेता महेन्द्र राय यादव सर्लाहीको क्षेत्र नं. २ बाट उम्मेदवार छन् । उक्त निर्वाचन क्षेत्रमा यादवकै पक्षमा जनमत बलियो रहेकाले महतोलाई नै कठिन देखिएको स्थानीय नेताहरू बताउँछन् ।

**सिकेलाई...**

चुनौती छ । त्यहाँ जसपा र कांग्रेसले जनमत बढाएको दाबी स्थानीयको छ ।

त्यस्तै सप्तरी-३ बाट उम्मेदवार बनेका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई कांग्रेस र रास्वपाका उम्मेदवारले चुनौती बढाएका छन् । यसले उनको समेत जितमा ब्रेक लाग्न सक्ने अनुमान छ ।

मधेश केन्द्रित दलहरूको प्रतिस्पर्धामा कांग्रेस, एमाले र माओवादी हुँदै आएकोमा यस पटक रास्वपा समेत थपिएका कारण सोचेजस्तो अवस्था नरहेको मधेशको राजनीतिका जानकासमेत रहेका राष्ट्रिय मुक्ति पार्टीका महासचिव केशव झाले बताए ।

उनले भने, 'मधेश केन्द्रित दलहरूको प्रतिस्पर्धामा पहिला कांग्रेस, एमाले र माओवादी हुन्थे अहिले रास्वपा पनि हामीसँगै प्रतिस्पर्धामा आएको छ । त्यसकारण मधेश केन्द्रित दलहरूलाई चुनौती थपिएको छ ।'

तर राष्ट्रिय मुक्ति पार्टी, अशोक राई नेतृत्वको जसपा र नागरिक उन्मुक्ति पार्टीबीच चुनावी तालमेल भएकाले आफ्नो पक्षमा सकारात्मक माहोल बनेको उनले बताए । हामी मधेश, लुम्बिनी र सुदुरपश्चिम प्रदेशबाट राम्रो सिट ल्याएर संसद्मा कम्तीमा १२-१५ सिट पऱ्याउने लक्ष्यमा छौं ।'

मधेश केन्द्रित दललाई रोकेर मधेश प्रदेशबाट कांग्रेसलाई पहिलो बनाउने पार्टी बनाउने सभापति गगन थापाको दाबी छ । ३२ मध्ये अधिकांश निर्वाचन क्षेत्रबाट कांग्रेसले जित निकाल्ने कांग्रेसका पूर्वसहमहामन्त्री महेन्द्र यादवले दाबी गरे ।

उनले भने, 'मधेशमा कांग्रेसको लहर दैनिक बढ्दोक्रममा छ । हामी यस पटक मधेशका अधिकांश क्षेत्र जित्छौं ।' त्यस्तै भावी प्रधानमन्त्रीको बालेन कार्ड देखाएर मधेशको मत पाउने रास्वपाको आशा छ भने एमालेले पुरानै जनमतलाई कायम राख्दै राम्रो सिट ल्याउने अपेक्षा गरेको छ ।

ठुला दलको पछिल्लो चुनावी प्रचार र रणनीतिक शैलीले मधेश केन्द्रित दलहरू छाँयामा परेका हुन् ।

**ईस्तियाक...**

गरेर चुनाव जित्ने रणनीति बनाएका छन् । आफू सहरी विकासमन्त्री हुँदा गरेको विकासको कामलाई उनले मतदातासँग भोट माग्ने मुख्य आधार बनाएका छन् । 'मैले गरेका काम नै चुनाव जित्ने मुख्य आधार हो' उनी भन्छन् ।

ईस्तियाक एकाएक उम्मेदवार बनेपछि एमालेका आकांक्षी स्थानीय नेताहरु असन्तुष्ट छन् । बाँके अध्यक्ष निरक गुरुङ त्यो असन्तुष्टि मिलिसकेको दाबी गर्छन् । 'यो संकटका बेला सिंगो पार्टी पङ्ती एकजुट भएकार लागेका छौं' उनले मध्यान्हसँग भने, 'यसपटक बाँकेका तीन वटै क्षेत्र जित्ने स्थितिमा एमाले छ ।'

कोइराला परिवारबाट नयाँ पुस्ताका सुधांशु कोइरालालाई नेपाली कांग्रेसले उम्मेदवार बनाएको छ । बाँके- २ मा पूर्वप्रधानमन्त्री सुशील कोइरालाको विरासत फर्काउने दाउमा उनी देखिन्छन् । सुधांश सुशील कोइरालाका भाइ डा अरुण कोइराला पुत्र हुन् । उनी अहिले बाँके कांग्रेसको सचिव छन् । कांग्रेसको परम्परागत अर्न्तघात र गुटबन्दीलाई चिरेर पार्टीलाई एक ढिक्का राख्न सके चुनाव जित्न सकिनेमा उनी आशावादी देखिन्छन् । 'यसपटक कुनै विवाद छैन । सबैको साथ समर्थन लिएर म अघि बढेको छु' कोइरालाले भने ।

२०७९ को निर्वाचनमा कांग्रेस उम्मेदवार सुदीप नरसिंह राणाले भने जनमत जफ्त भएको थियो । उनले ४ हजार ४०३ मत प्राप्त गर्दा कांग्रेसले समानुपातिकतर्फ १० हजार १ सय ९८ मत प्राप्त गरेको थियो । त्यतिबेला कांग्रेसको असन्तुष्टिको मत राप्रपा नेता धवलशमशेर राणाले तानेको विश्लेषण गरिन्छ ।

राप्रपा महामन्त्री राणा यसपटक चुनावी मैदानमा छैनन् । तर, उनलाई सहमहामन्त्री ऋषिराज देवकोटालाई चुनाव जिताउनुपर्ने चुनौती छ । एमालेसँग तालमेल, कांग्रेस समर्थकको साथ र हिन्दू नारा लिएर राणाले बाँके-२ बाट चुनाव जितेका थिए । चुनावी मैदानमा देवकोटा नयाँ अनुहार हुन् । तर, हिन्दू राष्ट्र र राजसंस्था पुर्नस्थापनाको एजेण्डाप्रति नेपालगन्जको समर्थन रहेकाले आफूले चुनाव जित्ने दाबी उनको छ । 'हिन्दू राष्ट्रको एजेण्डालाई नेपालगन्जले पुनः अनुमोदन गर्नेमा विश्वस्त छु' देवकोटाले भने ।

गत चुनावमा राप्रपाका राणा २९ हजार ५७७ मतसहित विजयी हुँदा जसपाबाट उठेका ईस्तियाक राईले २३ हजार ५२० मत प्राप्त गरेका थिए । राणाले चुनाव जिते पनि राप्रपाको समानुपातिक मत भने निकै कम ११ हजार ३८० मत मात्र थियो । जसपाले सबैभन्दा धेरै २० हजार २५१ समानुपातिक मत प्राप्त गरेको थियो ।

ईस्तियाक राई एमालेबाट चुनाव लडेपछि यसपटक जसपाबाट कमरुद्धिन राई उठेका छन् । नेपालगन्ज उपमहानगरपालिकाको उपमेयरबाट राजीनामा दिएर चुनावी मैदानमा उत्रिएका उनी जसपाको परम्परागत जनमत जोगाएर चुनाव जित्ने रणनीतिमा देखिन्छन् ।

# मतदान सकिएको २४ घण्टाभित्रै मतपरिणामः आयोग

**काठमाडौं/मस–** निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फको मतपरिणाम मतपेटिका संकलन भएको २४ घण्टाभित्र सार्वजनिक गर्ने तयारी गरेको छ । मतदान सम्पन्न भएलगत्तै मतपेटिका संकलन गरी गणना कार्यलाई द्रुत गतिमा अघि बढाउने योजना आयोगले बनाएको छ ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधि सभाको मात्रै निर्वाचन भएकाले यसपटक परिणाम आउन समय नलाग्ने बताए । मतपरिणामको समयसीमाबारे स्पष्ट पार्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले समानुपातिकको एक-दुई दिन लागे पनि प्रत्यक्षतर्फको परिणाम मतपेटिका संकलन भएको २४ घण्टा भित्र घोषणा गर्ने गरी आयोगले तयारी गरेको बताए ।

उनले उपत्यका बाहिर मतपत्र पठाउने काम सकिएको तथा काठमाडौं, ललितपुर र भक्तपुरका केही स्थानमा मंगलवार सांझ सम्म पुऱ्याइसक्ने गरी काम भएको जानकारी दिए । मतदान अधिकृतहरुको तालिम मंगलवार साँझसम्म सम्पन्न हुने र त्यसपछि आवश्यक सामान बुझेर सम्बन्धित मतदान केन्द्रहरुमा खटिने पनि उनले बताए । निर्वाचन तयारीका लागि आवश्यक सम्पूर्ण व्यवस्थापन कार्य सम्पन्न गरी आयोग पूर्ण रूपमा कार्यान्वयनको चरणमा प्रवेश गरेको जानकारी दिए । मतपत्र छपाइदेखि ढुवानीसम्मको जटिल व्यवस्थापकीय काम सम्पन्न भइसकेको र कर्मचारीहरू कार्यक्षेत्रमा खटिने क्रम सुरु भएको पनि उनले बताए ।

हिमाली क्षेत्रमा अस्थायी मतदान केन्द्र निर्धारण गर्ने सन्दर्भमा आयोग निर्णयमा पुगि नसकेको उनले स्पष्ट पारे । भौगोलिक विकटता र मौसमको प्रतिकूलतालाई मध्यनजर गर्दै आयोग मौसमको प्रतिकुलताको अध्ययन गरी मतदातालाई आफ्नो मताधिकार प्रयोग गर्नबाट वञ्चित हुन नपर्ने गरी तत्काल निर्णय गर्नेगरी तयारी अवस्थामा रहेको स्पष्ट पारे ।

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले निर्वाचनको मुखमा सामाजिक सञ्जालमार्फत भ्रामक सूचना फैलाउने काम नगर्न आग्रह गरे । उनले निषेधको राजनीति नगर्न राजनीतिक दलहरुलाई चेतावनी समेत दिए ।

नौ राजनीतिक दल र एक हजार २ सय १३ उम्मेदवारले खोले बैंक खाता

यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गराएका तीन हजार ४ सय ६ प्रत्यक्ष उम्मेदवारमध्ये हालसम्म एक हजार २१३ जना उम्मेदवारले मात्र बैंक खाता खोलेको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचनमा भाग लिएका ६८ दलमध्ये नौ दलले मात्र खाता खोलेका छन् । मंगलबारसम्म खाता खोल्ने दलहरूमा नेपाली काँग्रेस, राष्ट्रिय जनमोर्चा, नेकपा संयुक्त, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी (जसपा), संयुक्त नागरिक पार्टी, मितेरी पार्टी र नेपाल जनता संरक्षण पार्टी रहेका छन् ।

यी परम्परागत प्रतिस्पर्धी दलहरुको चुनावी गणितलाई यसपटक रास्वपाले अनिश्चित बनाइदिएको छ । रास्वपाका विवेक श्रेष्ठ उम्मेदवारका रुपमा त्यति चिनिएको अनुहार होइन् । तर, रास्वपाप्रति युवा मतदाताको आकर्षणले उनी पनि मुख्य प्रतिस्पर्धामा उक्लिसकेको विश्लेषण भइरहेको छ । नेपाली कम्युनिष्ट पार्टीका दिपेन्द्र विष्ट पनि उत्तिकै उत्साहका साथ चुनावी मैदानमा छन् । गत निर्वाचनमा तत्कालीन माओवादी केन्द्रले ३ हजार ४४ समानुपातिक मत प्राप्त गर्दा रास्वपाले ४ हजार १०३ मत प्राप्त गरेको थियो ।

नेपालगन्जको चुनाव जित्न उम्मेदवारले राजनीतिक र विकासका एजेन्डा मात्र अघि सारेर पुग्दैन् । उम्मेदवारले धार्मिक-सामुदायिक सन्तुलन पनि मिलाउनुपर्छ । 'यो क्षेत्रमा धेरै मत स्वीङ हुनसक्छ' नेपालगन्जका पूर्वमेयर विजय गुप्ता भन्छन्, ' अन्तिम बेला धार्मिक वा साम्प्रदायिक हिसाबले पनि मत जानसक्छ ।' अहिल्यै धेरै आंकलन गर्न मुस्किल भए पनि बाँके-२ को प्रतिस्पर्धा कांग्रेस, एमाले र रास्वपाबीच त्रिपक्षीय हुने सम्भावना बढेको उनी बताउँछन् ।

जेनजी आन्दोलनपछि बदलिएको परिस्थितिमा कांग्रेस गुमेको विरासत फर्काउने कसरतमा छ भने एमाले उम्मेदवारको व्यक्तिगत प्रभावको लाभ लिने रणनीतिमा छ । रास्वपाले चुनावी लहरलाई नतिजामा बदल्ने आशा लिएको छ भने राप्रपा जित दोहोऱ्याउने उपायको खोजीमा देखिन्छ ।

**रोजगार...**

सन्तोष पौडेल, रेसिडेन्स म्यानेजमेन्ट सपोर्ट डिपार्टमेन्टकी डाइरेक्टर नोबुको फुकुहारालगायतले जापानमा नेपालीहरूको रोजगारीलाई व्यवस्थित र सनिश्चित गर्न रोजगार सम्मेलन सहायक हुने तथा रोजगारी प्रवर्धनमा पनि महत्वपूर्ण भूमिका खेल्ने आशा व्यक्त गरेका थिए ।

सो क्रममा जापानी पक्षका वक्ताहरूले जापानमा कामदारको ठुलो अभाव रहेको र विदेशी कामदारबिना अभाव पूर्ति नहुने उल्लेख गरेका थिए । विदेशी नागरिकहरूको रोजगारीका लागि जापान संघ मुख्य आयोजक रहेको रोजगार मेलाको नेपाली राजदूतावास टोकियो सहआयोजक रहेको थियो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, जापानको आप्रवासन सेवा एजेन्सी, जापान अन्तर्राष्ट्रिय प्रशिक्षार्थी र दक्ष कामदार सहयोग संगठन तथा जापान आप्रवासन संघ प्रायोजक रहेका थिए ।

रोजगार सम्मेलनको उद्घाटन सत्रपछि रोजगार मेला सञ्चालन गरिएको थियो । रोजगार मेला करिब ५ घण्टा चलेको थियो । मेलामा ३८ म्यानपावर कम्पनीका साथै टोकियोस्थित नेपाली राजदूतावास, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र केही जापानी संस्थाहरूले स्टल राखेर आ-आफ्ना संस्थाबारे आगन्तुकहरूलाई स्वागतसहित जानकारी गराएका थिए । स्टलमा जापानी रोजगारदाताहरूले पनि विशेष चासो राख्दै अवलोकन गरेका थिए । कार्यक्रमको अन्त्यमा करिब दुई घण्टा सांगीतिक कार्यक्रमसहित रिसेप्सन आयोजना गरिएको थियो ।

**परिचयपत्र...**

गर्न सर्वप्रथम मतदाता नामावलीमा नाम दर्ता गर्नु पर्दछ । नाम दर्ता गर्न आफ्नो नागरिकताको प्रमाणपत्र संलग्न गरी जिल्ला निर्वाचन कार्यालयमा निवेदन पेस गर्नुपर्छ । कार्यालयका कर्मचारीले आवेदकको फोटो, औँठा छाप जस्ता जैविक विवरण संकलन गरी मतदाता नामावलीमा नाम दर्ता गरिदिन्छन् । नाम दर्ता भएपछि निर्वाचन आयोगले मतदाता परिचयपत्र तयार गर्ने निर्णय गरेमा छापिएका मतदाता परिचयपत्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरुमा पठाइन्छ । जिल्लामा प्राप्त भएका मतदाता परिचयपत्र जिल्ला निर्वाचन कार्यालय वा सम्बन्धित मतदान केन्द्रबाट निर्वाचन हुने तीन दिन अघिदेखि वितरण गरिन्छ ।

तर, यो प्रक्रिया पुरा गरेर मतदाता परिचयपत्र लिएर २१ फागुनको निर्वाचनमा भाग लिन पाउँदैनन् । हाललाई मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिक गर्ने कार्य निर्वाचन अवधिभर स्थगित गरिएको छ । यो निर्वाचन सम्पन्न भएपछि नाम दर्ता एवम् अद्यावधिक गर्ने कार्यक्रम सुरु हुन्छ र मतदाता नामावलीमा नाम दर्ता गराउन सकिन्छ ।

कतिपयले अनलाइनबाट मतदाता नामावलीमा नाम दर्ता गर्न वा अद्यावधिक गर्न सकिन्छ कि सकिँदैन ? भनेर समेत सोधेका छन् । जवाफमा आयोगले 'अनलाइनबाट मतदाता नामावलीमा नाम दर्ता गर्न आयोगको वेबसाइटबाट प्रि-रजिष्ट्रेसन प्रणालीमार्फत् आवेदन फारम भर्न सकिने' बताउने गरेको छ । फारम भरिसकेपछि तोकिएको दिन, समय र स्थानमा उपस्थित भई फोटो खिचाउने र बायोमेट्रिक दिनुपर्दछ । कुनै विवरण सच्याउनु पर्ने भएमा बसाइँसराइ वा विवाह दर्ताको प्रमाणपत्र वा अन्य आवश्यक कागजात संलग्न गरी आयोगको वेब ठेगानामार्फत् आवेदन पेस गर्न सकिन्छ । आयोगका कर्मचारीले प्राप्त आवेदन र संलग्न कागजात जाँच गरी मतदाता नामावलीमा नाम दर्ता वा अद्यावधिक गरिदिन्छन् ।

**मिर्चैया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मिर्चैया, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः-२०८२।११।१३**

यस कार्यालयबाट मिति २०८२।१०।०४ गतेको हिमालय टाइम्स रास्ट्रीय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्काको रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको सिफारिश अनुसार देहायका उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा १,२ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

| सि.न. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (With VAT) |
|---|---|---|---|---|
| 1. | IFB No: 03-MM-2082/83 Contract ID: 05-MM-NCB-GOODS-2082/83 | Under Mirchaiya Municipality, for the educational development of public schools, provision of school furniture, educational materials, installation of digital boards, and drinking water connection works | Sah Media and Suppliers Pvt Ltd, Mirchaiya-6 Siraha | Nrs. 71,71,008.25 (Seventy-One Lakhs Seventy-One Thousand Eight Rupees and Twenty-Five Paisa Only) |

**प्रमुख प्रशासकीय अधिकृत**

**Kalinchok Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Sunkhani, Dolakha**
**Bagmati Pradesh Nepal**

**Invitation for Bids**

**First Date of publication : 2082.11.13 (25 February 2026)**

1. Eligible Bidders may obtain the the Bidding Documents at the office of Kalinchok Rural Municipality,Office of the Rural Municipal Executive,Sunkhani , Dolakha or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.N | Name of project | Contract no. | Estimated amount Inc Vat and PS (Rs) | Bid Security Amount, NRs. | Bid purchase amount amount, NRs. | Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1 | Brihat khanepani Yojana, Kalichok Ga.Pa. -8 dolakha | KRM/WORKS/GOODS/ DOLAKHA/13/2082/83 | 24,99,244.08 | 75,000.00 | 3,000.00 | 27-03-2026 14:00 PM |
| 2 | Sanskritgram Tutwan Padmarga | KRM/SQB/WORKS/ DOLAKHA/12/2082/83 | 12,99,653.40 | 33,000.00 | 1,000.00 | 12-03-2026 14:00 PM |

For further information: (website : kalinchowkmun.gov.np

**Chief Administrative Officer**

# पोखरामा विवाह भोजमा जातीय विभेद: प्रहरीमा जाहेरी दर्ता

**सुजन विश्वकर्मा / मध्यान्ह**
पोखरा, १२ फागुन

पोखरा महानगरपालिका-२६ स्थित नमस्ते पार्टी प्यालेसमा विवाह भोजका क्रममा दलितमाथि जातीय विभेद भएको पाइएको छ । सन्त बहादुर विश्वकर्मामाथि जातीय विभेद भएको घटना सार्वजनिक भएको हो । निमन्त्रणा पाएर प्रितीभोजमा पुगेका विश्वकर्मालाई छुट्टै बस्न र अलग्गै प्लेटमा खाना खाने व्यवस्था गरिएको जानकारी दिएपछि उनी अपमानित महसुस गर्दै कार्यक्रमस्थलबाट फर्किएका थिए । छिमेकी काशिराम घिमिरेका छोरा विधान घिमिरेको प्रितीभोजमा पुगेका उनलाई स्थानीय महिला सावित्री बरालमार्फत 'अलग्गै बस्न' र 'छुट्टै प्लेटमा खाना दिने' भनिएको



थियो । बराल खाना लिन गएको समयमा विश्वकर्मा त्यहाँबाट हिँडेका थिए । घर फर्किएपछि आफू मानसिक रूपमा निकै प्रभावित भएको उनले बताएका छन् ।

भोलिपल्ट बिहान काशिराम, सावित्री बरालसहित करिब ३० जना स्थानीयले भेटेर माफी मागेको र 'गाउँकै कुरा गाउँमै मिलाउन' कानुनी प्रक्रियामा नजान दबाब दिएको विश्वकर्माको भनाइ छ । घटनापछि उनले आफ्ना समुदायका सदस्यहरूसँग परामर्श गर्दै कानुनी उपचार खोज्ने निर्णय गरेका थिए । स्थानीय महेश गोदार (सुनार) लगायतले न्यायिक प्रक्रियामा साथ दिने प्रतिबद्धता जनाएका थिए ।

१० गते विश्वकर्मा महेश गोदारसहित जिल्ला प्रशासन कार्यालय कास्की पुगे पनि प्रहरीले तत्काल जाहेरी दर्ता नगरी 'दुवै पक्षको कुरा सुन्नुपर्ने'भन्दै भोलिपल्ट आउन भनेको पीडित पक्षको दाबी छ । ११ गते पुनः पुगेपछि पनि पटक-पटक छलफल गरिँदै जाहेरी दर्तामा ढिलाइ भएको आरोप छ । यसबीच पीडितलाई दबाब र धम्की आएको, सावित्री बरालले विभेदको मुद्दा दर्ता भए बलात्कारको मुद्दा हाल्ने चेतावनी दिएको दाबी गरिएको छ ।

समाजसेवी तथा पत्रकारहरूको दबाबपछि साँझ करिब ६ बजे जाहेरी दर्ता गरिएको र आरोपीहरूलाई नियन्त्रणमा लिइएको बताइएको छ । उता, आरोपी पक्षबाटै विश्वकर्मामाथि बलात्कारको आरोपमा मुद्दा दायर गरिएको जनाइएको छ ।

नेपालको संविधानले छुवाछुत तथा जातीय विभेदलाई निषेध गरेको छ । घटनाको निष्पक्ष अनुसन्धान र कानुनी कारबाही कसरी अगाडि बढ्छ भन्ने विषयमा स्थानीय समुदाय र सरोकारवालाको चासो बढेको छ ।

# जंगली बँदेल पुनः कृषि हानिकारक घोषित

**काठमाडौं / मस–** सरकारले जंगली बँदेललाई पुनः एक वर्षका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको छ । वन तथा वातावरण मन्त्रालयले सोमबार राजपत्रमा सूचना प्रकाशित गर्दै जंगली बँदेललाई हानिकारक वन्यजन्तु घोषणा गरेको हो ।

कृषि हानिकारक वन्यजन्तु घोषणा भएसँगै जंगली बँदेलले निजी खेत, खला, बारीमा आई क्षति पुऱ्याउने अवस्था आएमा तोकिएको सर्तको अधीनमा रही



विनाअनुमति धपाउन, लखेट्न, पक्रन वा मार्न पाइने भएको छ । यो सूचनाले दिएको सहजीकरणमा सानो जातको बँदेललाई भने नसमेट्ने मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार जङ्गली बँदेलले किसानको खेतबारीमा आई बालीनाली वा धनजनको हानी नोक्सानी पुऱ्याएमा किसानले बँदेललाई धपाउन, लखेट्न वा पक्रन सक्ने छन् ।

बँदेल पक्रिएमा त्यसलाई सम्बन्धित राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष, वन्यजन्तु आरक्ष वा वन कार्यालयमा बुझाउनु पर्ने भएको छ । सो क्रममा बँदेलको ज्यान गएमा भने वडाका एक प्रतिनिधि र ५ स्थानीयको रोहवरमा मुचुल्का उठाई गाड्न तथा तौलको आधारमा मूल्य तोकी सो रकम राजस्व खातामा दाखिला गरी वडाभित्र (व्यापारिक प्रयोजन बाहेक)प्रयोग गर्न सकिने गरी तोकिएको छ ।

यसको सबै जानकारी सम्बन्धित निकायलाई दिनुपर्ने छ । यसको विवरण तोकिएको निकायले राख्नु पर्ने छ । यद्यपि निकुञ्ज वा आरक्षण र वन क्षेत्रमा पसेर यस्ता जनावर मार्न, पक्रन वा लखेट्न निषेध गरिएको छ ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office, Kathmandu
**ROAD DIVISION KATHMANDU**

**Invitation for Bids No: 16-2082-83**

**(Date of first publication: 2082/11/13)**

Road Division Kathmandu invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and Location | Estimated Amount (Without VAT, PS) | Bid Security Amount | Document Fee |
|---|---|---|---|---|
| RDKTM/337310113/082/83/048 | Road upgrading works on Pharsikhola Suntakhan Buspark Road, Gokarneshwor | 42,67,219.47 | 1,19,000.00 | 3,000.00 |

Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | Revenue a/c No. | 00100106200000 | Office code | 337013512 |
|---|---|---|---|---|---|---|---|
| | | | | Revenue Heading No. | 14229 | Bank | Everest Bank Ltd. |
| Date | Time | Date | Time | Name of Office | Financial Comptroller General Office | | |
| 2082/12/15 | 12:00 | 2082/12/15 | 13:00 | Deposit A/c No. | 1960100102030000 | Office code | 337013512 |
| | | | | Name of Office | District Treasury Controller Office, Singhdurbar | | |
| | | | | Bank | Rastriya Banijya Bank Ltd, Singhdurbar | | |

Eligible Bidders may obtain further information at Road Division Kathmandu (Tel:014565457,email:droktm1@gmail.com, rd_kathmandu@dor.gov.np) or may visit PPMO's website http://bolpatra.gov.np/egp.

**Division Chief**

# साउदीमा रहेका नेपाली श्रमिकलाई कन्सुलेट जनरल, जेद्दाहको ८ बुँदे सचेतना अपिल

**अन्जान गुभाजु / मध्यान्ह**
जेद्दाह, १२ फागुन

साउदी अरबमा वैदेशिक रोजगारीका सिलसिलामा कार्यरत नेपाली श्रमिकलाई लक्षित गर्दै नेपाली कन्सुलेट जनरल, जेद्दाहले ८ बुँदे महत्वपूर्ण सचेतना अपिल सार्वजनिक गरेको छ ।

श्रमिकहरूले कार्यस्थल तथा दैनिक जीवनमा भोग्न सक्ने कानुनी, प्रशासनिक र सामाजिक जटिलतालाई दृष्टिगत गर्दै कन्सुलेटले आवश्यक कागजातको सुरक्षित व्यवस्थापनदेखि श्रम अधिकार, एक्जिट भिसा प्रक्रिया, ट्राफिक नियम तथा सामाजिक आचरणसम्मका विषयमा स्पष्ट निर्देशन दिएको हो ।




कन्सुलेटले श्रमिकहरूलाई आफ्नो कम्पनीको नाम, सम्पर्क नम्बर, कार्यालयको ठेगाना र कम्पनीको दर्ता नम्बर (सिआए नम्बर)सुरक्षित रूपमा राख्न तथा राहदानी, भिसा, बोर्डिङ पास र इकामाको प्रतिलिपि आफूसँगै सुरक्षित राखी नेपालस्थित परिवारलाई समेत डिजिटल माध्यमबाट उपलब्ध गराउन अनुरोध गरेको छ । इकामा प्राप्त भएपछि अब्सर र किवामा व्यक्तिगत खाता अनिवार्य रूपमा खोल्न तथा पासवर्ड र ओटीपी गोप्य राख्न विशेष जोड दिइएको छ ।

रोजगार परिवर्तनसम्बन्धी विषयमा आकर्षक तलब वा अन्य प्रलोभनमा परी हतारमा कम्पनी नछाड्न सचेत गराइएको छ । किवामा उल्लेखित रोजगार सम्झौता ध्यानपूर्वक अध्ययन गरी सर्तहरू बुझेर मात्र स्वीकृत गर्न र नबुझेको कागजातमा हस्ताक्षर नगर्न आग्रह गरिएको छ ।

लगातार तीन महिना तलब नपाएको वा इकामा म्याद सकिएको ९० दिनसम्म नवीकरण नगरिएको अवस्थामा भने कानुनी प्रक्रिया पूरा गरी स्थानान्तरण गर्न सकिने जानकारी दिइएको छ । कुनै समस्या परेमा सर्वप्रथम सम्बन्धित कम्पनीलाई जानकारी गराउन र समाधान नभए श्रम अदालतसम्म उजुरी दिन सकिने उल्लेख गरिएको छ ।

साथै साउदीका अत्यावश्यक हटलाइन नम्बरहरू मोबाइलमा सुरक्षित राख्न कन्सुलेटले अनुरोध गरेको छ । एक्जिट भिसा सम्बन्धी प्रक्रियामा हुरुब लागेको वा इकामा म्याद समाप्त भएको अवस्थामा दूतावास वा कन्सुलेटको सिफारिससहित एचआरएसडी पोर्टलमार्फत प्रक्रिया अगाडि बढाउन सकिने जनाइएको छ । एक्जिट भिसा प्राप्त भएपछि मात्र काम छाड्न र बाँकी जरिवाना तिरेपछि मात्रै स्वदेश फर्कन सकिने स्पष्ट पारिएको छ ।

ट्राफिक नियमको पूर्ण पालना गर्न, सवारी दुर्घटना भएमा 'ल्बक' वा ट्राफिक प्रहरीलाई तत्काल जानकारी दिन तथा औषधि सेवन गर्दा चिकित्सकको प्रेस्क्रिप्सन अनिवार्य रूपमा साथमा राख्नुपर्ने सूचनामा उल्लेख छ । लागूऔषध सेवन वा कारोबार, अवैध आर्थिक गतिविधि, अनधिकृत स्थानमा औंठाछाप दिनु, सार्वजनिक स्थलमा अनुचित पोशाक प्रयोग गर्नु वा सरकारी निकायसम्बन्धी फोटो-भिडियो सामाजिक सञ्जालमा प्रसारण गर्नुजस्ता कार्य कडा कानुनी अपराध हुने चेतावनी पनि दिइएको छ । कन्सुलेटले साउदीको पश्चिम क्षेत्रमा कार्यरत नेपालीलाई जेद्दास्थित कन्सुलेट र पूर्व क्षेत्रमा कार्यरतलाई रियादस्थित नेपाली राजदूतावाससँग सम्पर्क गर्न आग्रह गरेको छ । राहदानी, श्रम, बीमा, क्षतिपूर्ति तथा अन्य कन्सुलर सेवासम्बन्धी परामर्शका लागि सम्पर्क विवरणसमेत सार्वजनिक गरिएको छ । कन्सुलेटले सबै नेपाली श्रमिकलाई सचेत, सुरक्षित र कानुनसम्मत ढंगले कार्य गर्न अनुरोध गर्दै कुनै समस्या उत्पन्न भएमा समयमै सम्बन्धित कूटनीतिक नियोगसँग सम्पर्क गर्न आग्रह गरेको छ ।

**रामेछाप नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामेछाप बजार, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०८२/११/१३)**

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरूको बोलपत्र मुल्यांकन हुँदा तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रूपमा प्रभावग्राही तथा न्यूनतम मुल्यांकित समेत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ एवम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि.नं. | बोलपत्रको नम्वर र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ.कर सहित) | सूचना प्रकाशित पत्रिका र मिति |
|---|---|---|---|---|
| 1 | RM/08/082/083, Maintenance of Thakle to Ward office Road Ward no.03 | Dhakal Contruction, Ramechhap Municipality-03 | 16,51,935.84 | २०८01/10/2, आर्थिक राष्ट्रिय दैनिक |
| 2 | RM/09/082/083, Chayakharka(Bisauli) Khola Lift Drinking water Project ward no.6 | Bogati and Brothers Construction Pvt. Ltd., Manthali-2, Ramechhap | 39,74,742.52 | २०८05/10/2, आर्थिक राष्ट्रिय दैनिक |
| 3 | RM/10/082/083, Chokkhola and Kumbhakhola Drinking Water project ward no.7 and 8 | Shree Dhanakrishna Construction Pvt. Ltd., Manthali Municipality-01 | 54,85,129.95 | २०८05/10/2, आर्थिक राष्ट्रिय दैनिक |

**प्रमुख प्रशासकीय अधिकृत**

# रहेनन् गायक निर्मोही

**काठमाडौं / मस–** लोकगायक तथा सञ्चारकर्मी कमल बीके निर्मोहीको निधन भएको छ । लामो समयदेखि मिर्गौला रोगबाट पीडित निर्मोहीको मंगलबार साँझ नेपालगञ्जस्थित निवासमा निधन भएको हो ।

निर्मोही शनिबार एक्कासी बेहोस भएका थिए । त्यसपछि उनलाई उपचारका लागि भेरी अस्पताल लगिएको थियो । आईसीयूमा भर्ना गरिएपनि अवस्था सुधार नभएपछि भेन्टिलेटरमा राखेर उपचार सुरु गरिएको थियो ।



उपचार सम्भव नभएपछि भेरी अस्पतालबाट मंगलबार निवासमा लगिएको थियो । उनको मंगलबार साँझ निधन भएको हो । उनकी श्रीमती हेरमदेवी विकको गत माघ २३ गते निधन भएको थियो ।

बीके तीन दशकभन्दा बढी समय नेपाली लोकसंगीत र सञ्चार क्षेत्रमा समर्पित थिए । उनले रेडियो नेपाल र नेपालगञ्जस्थित रेडियो बागेश्वरीसहित अन्य एफएममा लामो समय काम गरेका थिए ।

दाङको तत्कालीन फूलबारी गाविसमा जन्मिएका उनी अहिले नेपालगञ्जमा बस्दै आएका थिए ।

**Naumule Rural Municipality**
**Dailekh**
**Karnali Province, Nepal**
**Notice no: 01/2082-083**

**Invitation for Sealed Quotation**

**First Date of Publication: 2082-11-12**

| S. N. | Contract Identification No. | Brief Description of Work/Site | Estimated Amount (including Vat) Nrs | Bid document amount (Rs.) | Bid Security Amount (Rs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | NRM/LISP/SQ/GOODS/16/2082/83 | PROCUREMENT AND SUPPLY OF MATERIALS FOR WATER SUPPLY PROJECT/WARD-4 | 19,92,581.00 | 1,000.00 | 45,000.00 | Notice published for the 2nd time |
| 2. | NRM/LISP/SQ/GOODS/17/2082/83 | PROCUREMENT AND SUPPLY OF MATERIALS FOR ROAD UPGRADING AND SICHAI KULO FOR WADA 1,2 AND 3 | 1,682,894.25 | 1,000.00 | 42,000.00 | |
| 3. | NRM/LISP/SQ/GOODS/18/2082/83 | PROCUREMENT AND SUPPLY OF MATERIALS FOR ROAD UPGRADING FOR WADA 5,6,7 AND 8 | 1,865,370.28 | 1,000.00 | 46,600.00 | |

Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 17:00 on 2082-11-27.Detail Notice is published in the website of the municipality.

**Chief adminstrative officer**

**कुवेत र युएईमा रोजगार**

कम्पनी: GARDINIA BUILDING CONTRACTING L.L.C — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२५३३ — L.T. No.: 328596 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 177 | 0 | स. काममा दक्ष | 1000 | ३९,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: CLEANCO CLEANING SERVICES CO — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०३/०४ — चलानी नं.: ६०२२१४११ — L.T. No.: 306521 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 316 | 35 | स. काममा दक्ष | 800 | ३१,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MAGIC LAND GENERAL TRADING AND CONTRACTING COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०७/१८ — चलानी नं.: ६०२४६९५३ — L.T. No.: 333332 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Cleaners | 63 | 0 | स. काममा दक्ष | 95 | ४५,१५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २० गते (4 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | युएईमा निःशुल्क र कुवेतमा रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

मध्यान्ह
www.madhyanhadaily.com
१३ फागुन २०८२ बुधबार
25 February 2026 Wednesday

सम्पादकीय

## राजमार्ग आसपास ट्रमा केयर राख

धादिङमा भएको पछिल्लो बस दुर्घटनाले हाम्रो सडक सुरक्षा र उद्धार प्रणालीको कमजोर यथार्थ फेरि एकपटक उजागर गरिदिएको छ। दुर्घटनामा परेकामध्ये धेरैले घटनास्थलमै र केहीले अस्पताल नपुग्दै ज्यान गुमाए। बाटोमै ज्यान गुमाएका घाइतेलाई बेलैमा अस्पताल ल्याउनसकेको भए बचाउन सकिने चिकित्सकहरूले बताएका छन्। दुर्घटनापछिको पहिलो एक घण्टालाई ‘गोल्डेन आवर’ मानिन्छ। घाइतेको ज्यान बचाउन त्यो समय सबैभन्दा महत्वपूर्ण हुन्छ। यही समयमा प्राथमिक उपचार सुरू गर्न सके दुर्घटनामा पर्नेको जीवन जोगाउन सकिन्छ। तर नेपालमा यही समय खेर जाने गरेको छ। दुर्घटनास्थलमा समयमै तालिमप्राप्त जनशक्ति पुग्दैन। पर्याप्त अक्सिजन र उपकरणसहितको एम्बुलेन्सको पनि उत्तिकै अभाव छ। घाइतेलाई ट्याक्सी वा अन्य सवारसाधनमा कोचेर अस्पताल पुऱ्याउनुपर्ने बाध्यता छ। जसका कारण बाँच्न सक्ने बिरामीसमेत बाटोमै ज्यान गुमाउन पुग्छन्। ज्यानै नगए पनि अस्पताल पुग्दासम्म ठुला दुर्घटनाका धेरै घाइतेमा आन्तरिक रक्तस्राव, टाउको वा मेरूदण्डका गम्भीर चोट जटिल भइसकेको हुन्छ।

बितेका सात वर्षमा १७ हजारभन्दा बढी नागरिकले सडक दुर्घटनामा ज्यान गुमाएका छन्। त्यो भनेको दैनिक औसत सात जनाको मृत्यु हुनु हो। यस अर्थमा सडक दुर्घटनाप्रति राज्य थप संवेदनशील हुन जरूरी छ। सरकारले प्रत्येक प्रदेशमा ट्रमा सेन्टर स्थापना गर्ने घोषणा गरे पनि त्यो घोषणा कागजमै सीमित छ। काठमाडौं र भरतपुरबाहेक अन्यत्र प्रभावकारी ट्रमा सेवा छैन। विगतमा राजमार्ग नजिकै प्राथमिक ट्रमा केयर केन्द्र स्थापना गर्ने प्रतिबद्धता पनि सरकारी तहबाट गरिएको हो। तर यो पनि कार्यान्वयन हुन सकेन। यी सरकारी प्रतिबद्धता पूरा हुन नसक्नुमा बजेटभन्दा बढी इच्छाशक्तिको कमी देखिन्छ। झन्झटिलो प्रक्रिया र ढिलासुस्ती अर्को कारण बनेको छ। डिपिआर, जग्गा प्राप्ति र प्रक्रियागत ढिलाइलाई कारण देखाएर यति महत्वपूर्ण योजना वर्षौंदेखि कछुवा गतिमा छन्। जबसम्म जोखिमयुक्त सडक र मुख्य राजमार्गमा दुर्घटनास्थलमै प्रारम्भिक उपचार सुरू गर्ने 'प्रि-हस्पिटल केयर' प्रणाली विकास हुँदैन, तबसम्म घाइतेको मृत्यु दर घट्ने सम्भावना देखिँदैन। सडक दुर्घटनाप्रति सरकार साँच्चिकै संवेदनशील हो भने तत्काले राजमार्ग आसपास ट्रमा इकाइ स्थापनामा लाग्नुपर्छ। एम्बुलेन्सको स्पष्ट मापदण्ड र कडा अनुगमन गर्नुपर्छ। चालक र स्वास्थ्यकर्मीलाई आपतकालीन उद्धार र उपचारसम्बन्धी तालिम अनिवार्य गरिनुपर्छ। आमनागरिकमा पनि प्राथमिक उपचारसम्बन्धी सचेतना फैलाउनुपर्छ। त्योभन्दा पहिले सडक दुर्घटना न्यूनीकरणका लागि तत्काले आवश्यक कदम चाल्नुपर्ने देखिन्छ।

# बालमनको मौन पीडा

शारीरिक रूपमा कमजोर बालक भोलि औषधि र व्यायामले तन्दुरुस्त हुन सक्ला, तर बाल्यकालमै मानसिक रूपमा भाँचिएको बालकले जीवनभर त्यो चोटको दाग बोकेर हिँड्नुपर्छ।

अग्रलेख



● अमृत ढकाल

झिसमिसे साँझ पर्नै लाग्दा एउटा १०-१२ वर्षको बालक स्कुलबाट घर फर्कन्छ। उसको काँधमा किताबको गह्रौँ भारी मात्र छैन, उसको अनुहारमा एउटा यस्तो गहिरो थकान र रिक्तता छ, जुन यो उमेरका बालबालिकामा हुनुपर्ने स्वाभाविक ऊर्जासँग पटक्कै मेल खाँदैन। घर छिर्नेबित्तिकै जुत्ताका तुना नखोली, हातमुख नधोई र आमाले मायाले पस्किएको खाजाको प्लेटलाई वास्ता नगरी ऊ कोठाको एउटा अँध्यारो कुनामा खुम्चिन्छ। उसको एकनासको हेराइ केवल ५ इन्चको मोबाइल स्क्रिनमा टक्क अडिन्छ। बाहिरबाट हेर्दा ऊ कति ‘ज्ञानी’ देखिन्छ- न त उसले चकचक गर्छ, न त बाहिर गएर साथीभाइसँग झगडा नै गर्छ! तर त्यो शान्त देखिने तलाउमुनि एउटा भयानक मानसिक आँधी चलिरहेको छ, जसको सुइँको न त भान्सामा व्यस्त उसकी आमालाई छ, न त कामको धुनमा रहेका उसका बुबालाई।

नेपालमा हामीले बालबालिकाको शरीरका लागि खोपको त जोहो गर्यौं, भोको पेटका लागि खाना र जाडोका लागि न्यानो लुगाको चिन्ता पनि गरिरह्यौँ। तर त्यो कलिलो मस्तिष्कमा बिस्तारै फैलिरहेको ‘मानसिक घाउ’लाई भने सधैँ ओझेलमा पारी रह्यौँ। आज हाम्रा बालबालिकाहरू सामाजिक सञ्जालका फिल्टरझैँ बाहिर त हाँसिरहेका देखिन्छन्, तर भित्रभित्रै उनीहरू एन्जाइटी, एक्लोपन र पहिचानको ठूलो संकटसँग जुधिरहेका छन्। उनीहरू एउटा यस्तो अदृश्य युद्ध लडिरहेका छन्, जहाँ न त कुनै स्पष्ट शत्रु देखिन्छ, न त उनीहरूसँग बचाउ गर्ने कुनै ढाल नै छ। आखिर यो मौनताको जड कहाँ छ?

नेपालमा बालबालिकाको मानसिक स्वास्थ्यलाई आकार दिने प्राथमिक पाठशाला उनीहरूको घर नै हो। तर विडम्बना, आज धेरै नेपाली घरहरू बालबालिकाका लागि सुरक्षित आश्रयभन्दा बढी मानसिक तनावको केन्द्र बन्दै गएका छन्। नेपालको आर्थिक मेरुदण्ड मानिने ‘रेमिट्यान्स’ले घरको भित्ता त रंग्यायो, तर बालबालिकाको मनको रङ भने बिस्तारै उडाउँदै लगेको छ। एउटा बुबा/आमा खाडीको रापमा पसिना बगाउँछन् ताकि छोरा-छोरीले सहरको महँगो स्कुलमा पढ्न पाऊन्। तर त्यो बालकका लागि उसका बुबा/आमा भनेको मोबाइलको स्क्रिनमा देखिने एउटा भर्चुअल पात्र मात्र बनेका छन्।

घरभित्रको यो रिक्ततालाई हाम्रो समाजको तुलना गर्ने रोगले झन् विषाक्त बनाइदिएको छ। अभिभावकहरू आफ्ना अधुरा सपना र अपेक्षाहरू सन्तानको सानो काँधमा यसरी थोपरिदिन्छन् कि त्यो बोझले थिचिएर बालकको सिर्जनशीलता र खुसी कतिबेला हराउँछ, पत्तो नै हुँदैन। ‘फलानाको छोराले/छोरीले यति अंक ल्यायो, तिमीले किन सकेनौ?’ भन्ने जस्ता निरन्तरको तुलनाले बालकको मनमा ‘म कमसल छु, म कमजोर छु’ भन्ने हीनताबोधको बीउ रोपिदिन्छ। यो सर्तसहितको मायाले गर्दा बालबालिकाहरू जतिबेला पनि असफल हुने डर र चिन्तामा बाँच्न बाध्य छन्।

घरको अशान्त वातावरण र भावनात्मक रिक्तताबाट बाहिर निस्किएर जब एउटा बालक विद्यालयको आँगनमा पाइला टेक्छ, उसले त्यहाँ ज्ञानको ज्योति भन्दा बढी प्रतिस्पर्धाको कठोर राप महसुस गर्छ। हाम्रो शिक्षा प्रणालीले बालबालिकालाई सिर्जनशील र सक्षम मान्छे बनाउनुको सट्टा केवल ‘अंक ल्याउने मेसिन’मा रूपान्तरण गरिरहेको छ। बिहानको झिसमिसेदेखि राति अबेरसम्म किताबको गह्रौँ भारी र गृहकार्यको चाङमा थिचिएका नेपाली बालबालिकाहरूका लागि शिक्षा अहिले आनन्द होइन, एउटा भयानक सास्ती बनेको छ। ‘ए+ नल्याए तिम्रो भविष्य अन्धकार हुन्छ’ भन्ने शिक्षक र अभिभावकको निरन्तर दबाबले उनीहरूलाई चौबीसै घण्टा एउटा अज्ञात डर र तनावको भुमरीमा राखिरहेको छ।

*नेपालमा हामीले बालबालिकाको शरीरका लागि खोपको त जोहो गर्यौं, भोको पेटका लागि खाना र जाडोका लागि न्यानो लुगाको चिन्ता पनि गरिरह्यौँ। तर त्यो कलिलो मस्तिष्कमा बिस्तारै फैलिरहेको 'मानसिक घाउ'लाई भने सधैँ ओझेलमा पारी रह्यौँ।*



नेपालका विद्यालयहरूमा शारीरिक सजायलाई कानुनले निषेध गरे पनि मानसिक र शब्दिक हिंसा अझै पनि एउटा सामान्य अभ्यासजस्तै बनेको छ। कक्षाकोठामा सबैका अगाडि होच्याउने, कमजोर विद्यार्थीलाई ‘तँ केही गर्न सक्दैनस’ भन्दै लेबल लगाउने र शिक्षकको कठोर व्यवहारले बालकको आत्मविश्वासलाई जरैदेखि हल्लाइदिन्छ। त्यसमाथि विद्यालयको पर्खालभित्र हुने ‘बुलिङ’ अर्को एउटा डरलाग्दो अदृश्य समस्या हो। साथीभाइबाट हुने खिसीट्युरी र अपमानले एउटा बालकलाई मानसिक रूपमा यति विक्षिप्त बनाउँछ कि ऊ विद्यालय जानै डराउन थाल्छ। विडम्बनाको कुरा के छ भने, नेपालका औँलामा गन्न सकिने निजी विद्यालय बाहेक अधिकांश विद्यालयमा व्यावसायिक स्कुल काउन्सिलरको व्यवस्था नै छैन।

आज हाम्रा बालबालिकाको हातमा माटोको खेलौना वा कथाका किताब होइन, उज्यालो दिने तर भविष्य अँध्यारो बनाउन सक्ने स्मार्टफोन छ। हिजोका दिनमा आमाबुबाले बच्चालाई फकाउन कथा सुनाउँथे, आज युट्युब र टिकटकका भिडियो थमाइदिन्छन्। यो सानो यन्त्र बालबालिकाका लागि मनोरञ्जनको साधन मात्र होइन, बिस्तारै एउटा अदृश्य जेल बन्दै गएको छ, जहाँबाट उनीहरू बाहिर निस्कन त चाहन्छन्, तर यसको लतले उनीहरूलाई जकडेर राखेको छ। यस डिजिटल संसारले सिर्जना गरेको सबैभन्दा ठूलो समस्या हीनताबोध हो। फेसबुक र इन्स्टाग्रामको पर्दामा देखिने अरूको कृत्रिम र चमकदार जीवनसँग आफ्नो वास्तविक जीवनलाई तुलना गर्दा बालबालिकामा ‘म किन यस्तो छु? मेरो जीवन किन यस्तो खल्लो छ?’ भन्ने प्रश्नहरू उठ्न थाल्छन्। अर्कोतर्फ, पब्जी र फ्री-फायर जस्ता अनलाइन गेमहरूको लतले बालबालिकालाई आक्रामक र चिडचिडा बनाउँदै लगेको छ।

नेपाली समाजमा शारीरिक चोट देखिँदा मलम लगाउने हातहरू त धेरै भेटिन्छन्, तर मनमा लागेको चोटलाई अझै पनि अदृश्य वा बनावटी मानिन्छ। ‘सानो बच्चालाई पनि केको तनाव? उसले कमाएर खुवाउनु पर्छ र?’ जस्ता भनाइहरू हाम्रो पुरातन सोचका उदाहरण हुन्, जसले बाल मानसिक स्वास्थ्यको मार्गमा सबैभन्दा ठूलो तगारो खडा गरेका छन्। हामीले बुझ्नै चाहेनौँ कि बच्चाको संसार सानो भए पनि उसका समस्या र पीडा उसका लागि पहाड जत्तिकै ठूला हुन्छन्। नेपाली समाजमा मानसिक समस्यालाई अझै पनि ‘पागलपन’को बिल्ला भिराइन्छ।

हामीले सुशासन, समृद्धि र ‘भोलिका कर्णधार’ भन्दै ठूला-ठूला नारा त लगायौँ, तर ती कर्णधारहरूको मानसिक जग कति कमजोर भइरहेको छ भन्ने कुरामा राज्यको आँखा कहिल्यै पुग्न सकेन। नेपालको स्वास्थ्य नीतिले सरुवा रोग र शारीरिक समस्यालाई प्राथमिकतामा राख्यो, तर एउटा कुनामा बसेर सुँक्क-सुँक्क रोइरहेको बालकको मनको व्यथालाई भने सधैँ बेवास्ता गरिरह्यो। आजको तितो सत्य के हो भने नेपालको कुल स्वास्थ्य बजेटमा मानसिक स्वास्थ्यका लागि छुट्याइने हिस्सा १ प्रतिशतभन्दा पनि कम छ।

अभिभावकहरूले आफ्ना बालबालिकाका पीडालाई बहाना सम्झनुको साटो बिन्तीको रूपमा बुझ्दै उनीहरूलाई महँगो मोबाइल होइन, आफ्नो समय, न्यानो स्पर्श र सुरक्षित वातावरण दिनुपर्छ। विद्यालयहरू पनि केवल अंक घोकाउने थलो मात्र नभई मनोवैज्ञानिक नर्सरी बन्नुपर्छ, जहाँ अनिवार्य रूपमा व्यावसायिक काउन्सिलर र बाल-मनोविज्ञान बुझ्ने शिक्षकहरूको व्यवस्था होस्। समाजले पनि मानसिक समस्यालाई पागलपन वा अन्धविश्वाससँग जोडेर कलंकित गर्ने सोच त्यागी विशेषज्ञको सल्लाह लिने संस्कार बसाल्नुपर्छ। साथै, राज्यले कागजी प्रतिबद्धताभन्दा माथि उठेर स्वास्थ्य बजेटको ठूलो हिस्सा बाल मानसिक स्वास्थ्यमा लगानी गर्ने, प्रत्येक जिल्लामा बाल-मनोविद्को व्यवस्था गर्ने र साइबर बुलिङविरुद्ध कडा कानुन कार्यान्वयन गर्ने नीति लिनुपर्छ।

शारीरिक रूपमा कमजोर बालक भोलि औषधि र व्यायामले तन्दुरुस्त हुन सक्ला, तर बाल्यकालमै मानसिक रूपमा भाँचिएको बालकले जीवनभर त्यो चोटको दाग बोकेर हिँड्नुपर्छ। बालबालिकाले ‘मलाई गाह्रो भइरहेको छ’ भन्दा हाँसेर उडाउने होइन, उनीहरूको हात समातेर ‘तिमी एक्लो छैनौ, म तिम्रो साथमा छु’ भन्ने वातावरण निर्माण गरौँ।

***(लेखक ढकाल, सुर्खेत मोडेल कलेजका उप-प्राध्यापक हुन्।)***

## इतिहासमा आज


२५ फेब्रुअरी १९८६ मा फिलिपिन्समा भएको विद्रोहसँगै राष्ट्रपति फर्डिनान्ड मार्कोस २० वर्षको शासनपछि राष्ट्र छोडेर भागेका थिए, उनी भागेसँगै कोराजोन एक्विनो फिलिपिन्सको पहिलो महिला राष्ट्रपति बनेकी थिइन्।



२५ फेब्रुअरी २००९ मा बंगलादेश राइफल्सका सिपाहीहरूले बंगलादेशको ढाकास्थित पिलखानामा रहेको मुख्यालयमा विद्रोह गरेका थिए, जसमा ५७ सैनिक अधिकारीहरू सहित ७४ जनाको मृत्यु भएको थियो।



२५ फेब्रुअरी २००९ मा टर्किस एयरलाइन्सको उडान १९५१ नेदरल्याण्ड्सको एम्स्टर्डम शिफोल विमानस्थलमा अवतरण गर्ने क्रममा दुर्घटनाग्रस्त भएको थियो। जसमा तीनै जना पाइलटहरू सहित नौ यात्रु र चालक दलका सदस्यहरूको मृत्यु भएको थियो।



२५ फेब्रुअरी २०१५ मा उत्तरपूर्वी अफगानिस्तानमा हिमपहिरोमा कम्तिमा ३१० जनाको मृत्यु भएको थियो।



# सडक मृत्युको पासो कि विकासको आधार ?

विचार



● डा. विश्वराज दवाडी

*नेपाल प्रहरीको तथ्यांकअनुसार वार्षिक हजारौँ मानिसले सडकमा अकालमै ज्यान गुमाउँछन्। भौगोलिक विकटता, कमजोर पूर्वाधार र मानवीय लापरबाहीको त्रिकोणात्मक मिलनले नेपालका सडकहरू अहिले 'मृत्युको पासो' जस्तै बनेका छन्।*

नेपालमा सडक दुर्घटना कुनै नौलो कुरा रहेन। हरेक दिन पत्रपत्रिका र समाचारका ‘हेडलाइन’हरू सडक दुर्घटना र ज्यान गुमाउनेहरूको तथ्यांकले भरिएका हुन्छन्। हालै मात्रै पोखराबाट काठमाडौंतर्फ आइरहेको यात्रुवाहक बस दुर्घटना हुँदा १९ जनाले अकालमै ज्यान गुमाउनुपर्‍यो भने २५ जना यात्रु घाइते अवस्थामा छन्। यसअघि पनि केही हप्ताको अन्तरमै धेरैको ज्यान जानेगरी सवारी दुर्घटनाहरू भएका छन्।

प्रहरीको तथ्यांकअनुसार पछिल्लो आठ वर्षमा नेपालमा सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या १९ हजार ३५८ पुगेको छ भने ९६ हजारभन्दा बढी घाइते भएका छन्। प्रहरी मुख्यालयमा प्राप्त विवरणअनुसार २०७० को दशकका आठ आर्थिक वर्षमा मात्रै एक लाख ८६ हजार २७७ सडक दुर्घटना भएका छन्। दुर्घटनामा ज्यान गुमाउने नागरिकको संख्या १९ हजार ३५८ पुगेको छ भने एक लाख ३५ हजार १७५ जना मानिस घाइते भएका छन्। दुर्घटनाका विवरण केलाउँदा सबैभन्दा जोखिममा मोटरसाइकल तथा जिप, कार र भ्यान देखिएका छन्।

नेपाल प्रहरीको तथ्यांकअनुसार वार्षिक हजारौँ मानिसले सडकमा अकालमै ज्यान गुमाउँछन्। भौगोलिक विकटता, कमजोर पूर्वाधार र मानवीय लापरबाहीको त्रिकोणात्मक मिलनले नेपालका सडकहरू अहिले ‘मृत्युको पासो’ जस्तै बनेका छन्।

दुर्घटनाको प्रकृतिअनुसार विवरण हेर्दा तीन कारणले दुर्घटना बढी हुने गरेका छन्- पहिलो, चालकको लापरबाही; दोस्रो, सडक पूर्वाधारको कमजोरी; र तेस्रो, यान्त्रिक कारण। सडक दुर्घटना बढ्नुको मुख्य कारण चालकको लापरबाही, सडक पूर्वाधारमा खेलाँची र दुर्घटना न्यूनीकरणका लागि प्रभावकारी पहल नहुनुलाई लिन सकिन्छ।

यस्तै, सवारी चालकको नियमित चेकजाँच नगरिनु, चालक निदाउनु, जथाभावी ढोका खोलिनु, ट्राफिक नियम उल्लंघन गर्नु, मादक पदार्थ सेवन गर्नु, ‘ओभरटेक’ गर्नु र सवारी चलाउँदा मोबाइल फोन प्रयोग गर्नु जस्ता कारणले पनि दुर्घटना हुने गरेका छन्। दुर्घटनाले मानिसको अकालमै मृत्यु हुने मात्र होइन, अपाङ्गता निम्त्याएर परिवारलाई विचलित अवस्थामा पुऱ्याएको छ।

हाम्रो भौगोलिक अवस्था र सडकको बनावटका कारण पनि दुर्घटनाको दर बढ्दै गएको छ। नेपालको धरातलीय स्वरूप आफैँमा चुनौतीपूर्ण छ। पहाडी भेगमा घुम्ती सडकहरू, भिरालो जमिन र साँघुरा बाटाहरू छन्। इन्जिनियरिङ दृष्टिले कतिपय सडकहरू मापदण्डविपरीत खनिएका छन्। वर्षायाममा पहिरो र हिउँदमा बाक्लो हुस्सुका कारण सडकको दृश्यता कम हुँदा दुर्घटनाको जोखिम उच्च हुन्छ।

विशेषगरी राजमार्गहरूमा रहेका ‘ब्ल्याक स्पट’ (दुर्घटना बढी हुने स्थान)हरूको पहिचान र सुधार हुन सकेको छैन। दिनहुँजसो यति धेरै दुर्घटनाका घटना हुने गरे पनि राज्य र जनस्तरबाट अपेक्षित गम्भीरता देखिएको पाइँदैन। पहिलो त राजमार्गमा को-को गुड्न पाउने भन्ने विषयमै अन्योलता छ। नेपालका राजमार्गहरूको मुख्य समस्या भनेकै ‘लेन व्यवस्थापन’को अभाव हो। विकसित देशहरूमा राजमार्गमा साइकल वा कम गतिका सवारीलाई निषेध गरिन्छ, तर नेपालमा एउटै लेनमा भारी सवारीसाधन (बस, ट्रक), निजी सवारी (कार, जिप), दुईपाङ्गे (मोटरसाइकल, स्कुटर), साइकल, पैदलयात्री र कतिपय ठाउँमा चौपाया समेत सडकमै हिँड्ने गर्दछन्। यसले दुर्घटनाको जोखिम बढाएको छ। यो मिश्रित यातायात प्रणाली नै दुर्घटनाको प्रमुख कारक बनेको छ।

राजमार्गमा गुड्ने चालकसँग अनिवार्य रूपमा सम्बन्धित श्रेणीको सवारी चालक अनुमति पत्र हुनुपर्छ। भारी सवारीका लागि कम्तीमा २१ वर्ष उमेर पुगेको र विशेष तालिम प्राप्त व्यक्ति मात्र योग्य मानिन्छन्। तर व्यवहारमा जसले जुनसुकै सवारी पनि चलाएको पाइन्छ।

दुर्घटना भइसकेपछि उद्धारका लागि निश्चित मापदण्ड हुनु आवश्यक छ। दुर्घटनापछिको पहिलो एक घण्टालाई ‘गोल्डेन आवर’ भनिन्छ। यदि यो समयमा घाइतेले प्राथमिक उपचार पाएमा ज्यान जोगिने सम्भावना धेरै हुन्छ। नेपालमा ‘सडक दुर्घटना उद्धार निर्देशिका’ त छ, तर यसको कार्यान्वयन फितलो छ। राजमार्ग छेउछाउमा अस्पताल र ट्रमा सेन्टरहरूको अभावले गर्दा घाइतेलाई समयमै अस्पताल पुऱ्याउन सकिँदैन।

देशभर सडक सञ्जालको विस्तारसँगै सवारीसाधनको संख्या पनि ह्वात्तै बढेको छ। वर्षेनी लाखौँ सवारीसाधन भित्रिने गरेका छन् भने वर्षौं पुराना सवारीसाधनहरू पनि सडकमा गुडिरहेका छन्। त्यसैले सडक सुरक्षामा सुधार गर्न अब पुरानो ढर्राले पुग्दैन। यसका लागि सरकारले निम्न कुरामा तुरुन्तै ध्यान दिनु आवश्यक छ-

लेन अनुशासन : राजमार्गहरूमा साइकल र मोटरसाइकलका लागि छुट्टै लेनको व्यवस्था गर्नुपर्छ। एउटै सडकमा सबैखाले सवारी गुडाउँदा दुर्घटनाको जोखिम उच्च हुन्छ। अन्य देशमा लेन अनुशासनलाई निकै महत्वका साथ हेरिन्छ।

गति निगरानी : राजमार्गका विभिन्न स्थानमा ‘सिसिटिभी’ र ‘राडार गन’को प्रयोग गरी तीव्र गतिमा सवारी चलाउने चालकलाई कडा कारबाही गर्नुपर्छ। कडा जरिवानाको व्यवस्था भएमा अनुशासन स्वतः बढ्छ र दुर्घटना कम हुन्छ।

सवारी परीक्षण : पुराना र जीर्ण सवारीसाधनलाई राजमार्गमा गुड्न रोक लगाउनुपर्छ। बिसौँ वर्ष पुराना वा जीर्ण अवस्थामा रहेका सवारीसाधनलाई सडकमा प्रवेश नदिने व्यवस्था कडाइका साथ लागू गरिएमा दुर्घटनामा कमी आउनेछ।

चालकको स्वास्थ्य : सवारी चलाउने काम शारीरिक तथा मानसिक रूपमा जिम्मेवार पेशा हो। विशेषगरी लामो दूरीका चालकहरूको नियमित स्वास्थ्य परीक्षण तथा मानसिक अवस्थाको मूल्यांकन अनिवार्य गरिनुपर्छ।

माथि उल्लिखित सुधारका प्रयासहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिए मात्रै पनि सवारी दुर्घटनाको भयावह अवस्थालाई धेरै हदसम्म कम गर्न सकिन्छ। अब पनि सडक सुरक्षा सुधारका लागि जनचेतना अभिवृद्धि र सडक पूर्वाधार सुधारमा तत्काल बृहत्तर पहल नगरे आगामी वर्षहरू अझ विकराल हुन सक्छन्।



# 'फागुन २१ मै चुनाव हुन्छ, सबै तयारी पूरा भइसक्यो'

जेनजी आन्दोलनपछि बनेको वर्तमान सरकारको 'म्यान्डेट' नै प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउने र निर्वाचित सरकारलाई वैधानिक प्रक्रियाबाट सत्ता हस्तान्तरण गर्ने हो । सोही बमोजिम सरकारले आफ्नो पहिलो प्राथमिकता निर्वाचनलाई बनायो र संवैधानिक व्यवस्थाअनुरुप नै ६ महिनाभित्रै निर्वाचन सम्भव पनि हुँदैछ । यही फागुन २१ गते हुन गइरहेको निर्वाचनका अब केही दिन मात्र बाँकी छन् । नेपाल सरकार तथा निर्वाचन आयोगले निर्वाचनसम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा भइसकेको बताएको छ । नेपाल सरकारका प्रवक्तासमेत रहेका गृहमन्त्री **ओमप्रकाश अर्याल** विना कुनै अवरोध, निर्धक्क र निर्भयका साथ मतदान गर्न पाउने नागरिकको अधिकारको सम्मान गर्दै निर्वाचनमा पूर्ण सुरक्षा प्रबन्ध गरिएको बताउँछन् । विशेषगरी निर्वाचनको तयारी र शान्तिसुरक्षाको अवस्थामा केन्द्रित रहेर राससका समाचार महाशाखा उपप्रमुख एकराज पाठकले प्रवक्ता अर्यालसँग गरेको कुराकानीको सम्पादित अंश ।

**ओमप्रकाश अर्याल**, गृहमन्त्री

**यतिखेर मुलुक निर्वाचनमय भएको छ । आसन्न निर्वाचनका अब केही दिन मात्र बाँकी छन् । निर्वाचनको तयारी के कस्तो छ ?**

वर्तमान सरकारको पहिलो प्राथमिकता र मुख्य 'एजेन्डा' नै भनौं समयमै निर्वाचन सम्पन्न गर्नु हो । निर्वाचनको तयारी युद्धस्तरमा भइरहेको छ। धेरै अघि नै निर्वाचन आयोगले ९० प्रतिशत काम सकिइसकेको बताएको थियो र अब त्यो पनि पूर्ण भइसकेको अवस्था छ । अब मलाई लाग्छ २१ गते मतदान गर्ने प्रक्रियागत काम मात्र बाँकी छ, अरू तयारी सकिएको छ। सुरक्षाको कुरा गर्दा पनि एकीकृत सुरक्षा योजना धेरै पहिलेदेखि नै लागू भइसकेको छ र त्यसलाई कुशलतापूर्वक गृह प्रशासनले 'ह्यान्डल' गरिरहेकाले सुरक्षाको अवस्था पनि मजबुत भइसकेको छ । यसरी सुरक्षादेखि राज्यका अन्य आवश्यक स्रोतसाधनहरु पनि निर्वाचन प्रयोजनका लागि परिचालित भइसकेको छ ।

**निर्वाचनको प्रमुख आधार र आवश्यकता भनेको सुरक्षा नै हो । निर्वाचन आयोगले चुनावसम्बन्धी प्रक्रियागत कामहरु गरिरहँदा यता नागरिकले भर गर्ने भनेको सुरक्षाको हो । त्यसैले नागरिकले ढुक्क भएर मतदान गर्न पाउनेगरी मुलुकको सुरक्षा संयन्त्र के कसरी परिचालित भएको छ ?**

आसन्न निर्वाचनका लागि नेपाल सरकारले सुरक्षा व्यवस्था मजबुत बनाएको छ। त्यसैले म सबै मतदातालाई निर्धक्क भएर मतदान गर्न आग्रह पनि गर्दछु । मैले अघि नै भनिसकेँ कि सरकारको प्रमुख प्राथमिकता नै तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्नु हो । त्यसैले निष्पक्ष निर्वाचनका लागि अपरिहार्य मानिएको सुरक्षा व्यवस्था चुस्त र प्रभावकारी बनाएका छौँ। सरकारले निर्वाचन प्रहरी छनोटदेखि लिएर नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी खटाउने काम गरेको र धेरै पहिलेदेखि नै एकीकृत सुरक्षा योजना लागू गरेर त्यसै बमोजिम सुरक्षा संवेदनशीलताका आधारमा देशैभरि सुरक्षा व्यवस्थालाई सुदृढ र सबल बनाएको छ । जस्तो कि निर्वाचनसम्बन्धी कमान्ड पोष्ट केन्द्र, प्रदेश तथा जिल्लास्तरमा रहेर काम गरिरहेका छन्, एकीकृत सुरक्षा योजनाले परिकल्पना गरेका संयन्त्रहरुमार्फत सोही बमोजिम निर्वाचन सेलहरु पनि परिचालन गरिएको छभने गृह प्रशासनले दिनहुँजसो अवस्था, आवश्यकता र चुनौतीहरुको विश्लेषण गरेर सुरक्षालाई केन्द्रमा राखेर काम गरिरहेको छ । गृह मन्त्रालयले निर्वाचनसम्बन्धी एकीकृत सुरक्षा योजना बनाइसकेपछि त्यसले नै विभिन्न संयन्त्रहरुको परिकल्पना गरेको छ। ती संयन्त्रहरु गठन भएर चुस्त-दुरुस्त रुपमा काम गरिरहेका छन् । दिनहुँजसो बैठक बसेर ती सबै संयन्त्रहरुबीच समन्वय गरेर सुरक्षाको रणनीतिका कामहरु गरिएको छ । यसबमोजिम हरेक दिनका घटनाहरुको मूल्याङ्कन र विश्लेषण पनि गरिरहेका छौँ। अरू सरोकारवालाहरु जस्तै राजनीतिक दल, उम्मेदवार, मिडियाजगत्, निर्वाचन आयोग, सरकारका अरू निकायहरु आदिसँग पनि हामीले निरन्तर समन्वय र सहकार्य भइरहेको छ ।

**पछिल्लो समयमा सुरक्षा खल्बलिनसक्ने खालका केही छिटपुट घटनाहरु पनि देखिएको छ । तिनले निर्वाचनलाई असर त गर्दैन ? तिनको समयमै समाधानका लागि गृह प्रशासनले के गरिरहेको छ ?**

हालै मुलुकका केही भूभागमा देखिएका केही छिटपुट झडप लगायतका घटनाले निर्वाचनलाई कुनै असर गर्दैन । ती घटनाहरु नियन्त्रणभित्रै छन् र चुनावलाई असर नपार्ने किसिमले गृह प्रशासनले तिनको व्यवस्थापन र समाधान गरिरहेको छ । यस्ता घटनालाई प्रकट हुनुभन्दा अगाडि नै र प्रकट भइसकेपछि पनि हामीले सम्बोधन गरिरहेकै छौँ । हामीले पूर्वसूचना लिने र रोकथामकै चरणमा बढी मेहनत गर्ने र तिनको सम्बोधन गर्ने गरेका छौँ। सकेसम्म संवादबाट नै समाधान खोज्ने काम गरेका छौँ । अन्य आवश्यक रणनीति लिएका छौँ र समयमै समाधान गरेका छौँ। यी घटनाबाट निर्वाचनको सुरक्षामा कुनै असर गर्दैन। त्यस्ता घटना धेरै होइन, छिटपुट हुन् र सबै परिस्थिति काबुभित्रै छ ।

**मानिसहरु अहिले पनि सुरक्षाको कुरा गर्दा गत भदौको जेनजी आन्दोलनका क्रममा भागेका कैदीबन्दी र लुटिएका हतियारहरु सुरक्षाका चुनौती छन् भन्ने गरेका छन् । के त्यस्तो अवस्था हो र ?**

यो त्यति ठूलो चुनौती होइन । गत भदौको जेनजी आन्दोलनका क्रममा भागेका कैदीबन्दी एवं लुटिएका हतियारहरु अब सुरक्षा चुनौतीका रुपमा छैनन् भनेर स्पष्ट गर्न चाहन्छु । धेरैजसो हतियार र भागेका कैदीबन्दी हामीले फिर्ता गरिसकेका छौँ । जेजति बाहिर हुनुहुन्छ उहाँहरुलाई पनि फिर्ता गराउन पहिलाभन्दा अझ बढी मेहनत गरिरहेका छौँ । सबैतिर सुरक्षाकर्मी परिचालित छन् र सरोकारवालाहरु आफैँ पनि लागिपर्नु भएको छ। उहाँहरुलाई पनि त्यस्तो कुनै सूचना भएमा दिन अनुरोध गरिरहेकै छौँ । भागेकाहरुले बाहिर गएर फेरि अपराध गरेका तथा ती हतियार प्रयोग गरेका सूचना अहिले आएको छैन । त्यसैले अब त्यस खालको असुरक्षाको कुनै भय छैन।

**निर्वाचनको दुई दिन मात्र अघि तराई मधेशमा होली पर्व परेको छ । मधेश तराईमा होली पहाडमा भन्दा अलिक धेरै दिन नै मनाइन्छ । त्यसबाट फागुन २१ का लागि मतदाता तयार नहुने या शान्ति बिथोलिन सक्ने भन्ने कुरा पनि मानिसहरु बताइरहेका छन् । यस विषयमा गृह प्रशासनको बुझाइ अथवा तयारी के छ ?**

विशेषगरी दुइटा कुरा जस्तो हिमालको हिमपात र तराईको होली पर्वको हुनसक्छ यहाँले उठाउन खोज्नुभएको प्रसङ्ग । हिमालमा मौसमविद्हरुले त्यो समयमा ठूलै हिमपात नहुने र मतदानमा कुनै असुविधा नपुग्ने अवस्था रहेको जानकारी दिइरहनुभएको छ । अर्को तराईको होली पर्वको कुरा जुन छ, त्यो पनि निर्वाचनका लागि कुनै सुरक्षा या अन्य चुनौती होइन । यस विषयमा हामीले प्रदेश सरकार, स्थानीय पालिकाका प्रमुखहरुसँग र अरू सरोकारवालाहरुसँग पनि समन्वय गरेर यो चाडबाड र चुनावलाई सँगसँगै लैजान सकिने उपायहरु पत्ता लगाएका छौँ । होली एउटा सांस्कृतिक, धार्मिक पर्व हो त्यसलाई सरकारले आवश्यकताबमोजिम थप सहजीकरण गर्छ र निर्वाचन पनि सम्पन्न हुन्छ । यसलाई सहजीकरण गर्नका लागि थप एक दिन सार्वजनिक बिदा बढाएर भए पनि पहिलाभन्दा पनि अझै हर्षोल्लासपूर्ण, शान्तिपूर्ण र सुसंस्कृत हिसाबले होली पर्व मनाउने वातावरण सरकारले सिर्जना गर्नेछ । यससँगै निर्वाचन पनि सम्पन्न हुन्छ ।

**देशका उच्च हिमाली क्षेत्रका जिल्लाहरुमा मतदाता नभएकाले जिल्लाका सदरमुकाममा सार्नुपर्ने माग पनि आइरहेको छ । के यो सम्भव छ ? यस विषयमा गृह मन्त्रालयले केही तयारी गरेको छ कि ?**

यस विषयमा गृह प्रशासन एवं निर्वाचन आयोग पनि तयार नै छ । जिल्लाका पालिकाहरु पनि यसका मुख्य सरोकारवालाहरु नै हुन् । उनीहरुको र दलीय सिफारिस अनि उम्मेदवारहरुको सहमति हुनुपर्यो। फेरि उहाँहरुले यसका लागि मतदाताको पनि मनसाय बुझेर एक प्रकारको सर्वसहमति गर्नुपर्दछ। यदि त्यसो भयो भने हामीले सम्बोधन गर्नेछौँ। यसअघि पनि यस्ता खालका अनुरोध आएका छन् र ती विचारणीय अवस्थामा छन्। त्यसैले सम्बद्ध सबै सरोकारवालहरु टुङ्गोमा पुग्नुभयो भने मतदान केन्द्रहरु सदरमुकाम या अन्य कुनै पायक पर्ने ठाउँमा सार्ने निर्णयका लागि हामीलाई कुनै समस्या छैन ।

**नेपाललाई निर्वाचनका समयमा वैदेशिक सहायता पहिला पनि आउने गरेको हो । यस पटकको निर्वाचनमा नेपाल सरकारलाई के कस्तो स्वरुपमा वैदेशिक सहायता प्राप्त भयो ?**

यो सरकार गठन हुँदाको दिनदेखि नै मित्रराष्ट्रहरु, संयुक्त राष्ट्रसंघीय निकायहरुले बधाई तथा शुभकामना दिनुभएको थियो । त्यसपछि निर्वाचन सम्पन्न गर्नका लागि चाहिने अरू सरसहयोग आर्थिक सहयोगलगायत भौतिक सहयोग जे आवश्यक पर्छ नेपाललाई मित्रराष्ट्रहरुले नै सहयोगको प्रस्ताव गर्नुभएको हो । त्यसमध्ये आफूलाई चाहिने जति सहयोग नेपाल सरकारले विभिन्न मित्रराष्ट्रबाट लिएको छ । यो चुनावमा अन्तरराष्ट्रिय समुदाय एवं मित्रराष्ट्रहरुको निकै ठूलो सहयोग र सदासयता रहेको छ ।

**भदौको जेनजी आन्दोलनपछि ६ महिनामै निर्वाचनको आजको अवस्थासम्म ल्याउन कसरी सम्भव भयो ? सरकारले कसरी काम गर्यो र यो छोटो अवधिमै निर्वाचन सम्भव भयो ?**

भदौको अन्तिम साताको अवस्था हेर्दा कानुनी राज्यविहीनताको अवस्था थियो । त्यतिखेर विधिको शासनले काम गर्न छोडेको अवस्था थियो। देशमा डर-त्रास थियो र एक प्रकारको अराजकता नै मुलुकमा मच्चिएको अवस्था पनि थियो । अदालतदेखि लिएर कानुनी राज्यका संयन्त्रहरुले काम गर्न छोडेका थिए । देशका सुरक्षा अंगहरुले काम गर्न असहज हुने अवस्था थियो। त्यो कानुनी राज्यविहीनताको अवस्थाबाट हामीले कानुनी राज्यको बहालीको अवस्थामा ल्याई पुर्याएका छौँ । हाम्रो रणनीतिक कुनै पनि हालतमा द्वन्द्व दोहोरिन दिनु हुँदैन र स्थिति सामान्यीकरणतर्फ लैजानैपर्छ भन्ने थियो । शत्रुता बढ्न दिनु हुँदैन, रक्तपातको अवस्था कदापि आउन दिनु हुँदैन भन्ने थियो । सोही बमोजिम हामीले सुरुमै द्वन्द्व न्यूनीकरण गर्यौं र अहिंसाको अपिल पनि गर्यौं । त्यसपछि विस्तारै कानुनी संयन्त्रले काम गर्न थाले । यसपश्चात् विस्तारै हामीले सेवा प्रवाहलाई सुदृढ बनाउँदै लग्यौं । यो विद्रोहपछिको सरकार भएकाले सुशासन दिनुपर्छ भन्ने लाग्यो र हामी सुशासनमा केन्द्रित बन्यौं ।

सरकारप्रति नागरिक समाज, राजनीतिक दल र सबै सरोकारवालाहरुले विश्वास गर्न थालेपछि त अब सरकारको प्रमुख 'म्यान्डेट' निर्वाचनका लागि हाम्रो अर्जुनदृष्टि रह्यो । जब कानुनले काम गर्न थाल्यो अनि सबै राजनीतिक दल तथा सरोकारवालाहरुलाई सहमतिका माध्यमबाट सबैलाई निर्वाचनमा जान तयार पार्न यो सरकारले निकै मेहनत गर्यो । निर्वाचन सफल बनाउने कामलाई अर्जुनदृष्टि दिँदै आयो र आज यो सम्भव भयो । त्यसैले यस्तो असहज परिस्थितिमा पनि समयमै सम्पन्न हुन गइरहेको आसन्न निर्वाचनलाई विश्वले नै हेरिरहेको छ भन्ने मलाई लाग्छ । खासगरी हामीले अर्थात् मुलुकमा भएको विद्रोहपछि बनेको सरकारले मुलुकको, मानवताको र संविधानको रक्षाका लागि केन्द्रित भएर काम गरेका थियौँ । त्यसकारणले पनि आजको यो अवस्था सिर्जना हुन सक्यो भन्ने हामीलाई लाग्दछ ।

**निर्वाचनका अब धेरै दिन बाँकी छैनन् । तर अझै पनि कतिपय मिडिया, सामाजिक सञ्जाल या व्यक्तिहरुबाट समयमै निर्वाचन हुने विषयमा संशय व्यक्त भइरहेको अवस्था छ । यस विषयमा यहाँले के भन्नुहुन्छ ?**

फागुन २१ गतेको निर्वाचन त्यही मितिमा सम्पन्न नगर्ने छुट यो सरकारलाई कदापि छैन। यो सरकार विशेषतः चुनावी सरकार रहेकाले सोही बमोजिम निर्वाचनलाई नै पहिलो प्राथमिकतामा राखेर काम गरेको पनि हो। संविधानले नै संसद् विघटन भएको ६ महिनाभित्र चुनाव गर्नुपर्ने व्यवस्था गरेकाले सरकार या कोही पनि यो चुनावबाट भाग्ने या पन्छिने कुरै आउँदैन । मुलुक एक प्रकारको राष्ट्रिय सुरक्षा सङ्कटको सन्निकट पुगेको अवस्थाबाट आजको निर्वाचनको अवस्थासम्म ल्याउनु वर्तमान सरकारको सामान्य काम थिएन । त्यसैले पनि सबैले यो निर्वाचनको महत्वलाई बुझ्नुपर्छ भन्ने मलाई लाग्दछ ।

यो निर्वाचन हाम्रो एक प्रकारको निष्ठाको जाँच नै होभन्दा पनि हुन्छ । हामीले समयमै निष्पक्ष निर्वाचन गराउने र निर्वाचित सरकारलाई प्रजातान्त्रिक प्रक्रियाबाट सत्ता हस्तान्तरण गर्ने शपथ खाएका छौँ । त्यसैले पनि चुनाव सार्ने या सर्ने भन्ने नै हुँदैन। सबै खाले परिस्थितिलाई काबुमा राखेका छौँ र निर्वाचन सम्पन्न गर्ने सम्पूर्ण प्रक्रिया पनि पूरा गरिसकेका छौँ । अब मतदानका पनि धेरै दिन बाँकी छैनन् । त्यसैले चुनाव नहुने भन्ने आशंका या भय कसैले पनि पाल्नुहुँदैन । त्यस्ता निराधार हल्लाको पछि लाग्नु पनि हुँदैन ।

जसले निर्वाचन सार्ने भाष्य बनाउँछ र त्यसखालको परिस्थिति निर्माण गर्न खोज्छ त्यस्तो प्रवृत्तिलाई मुलुकको राज्य संयन्त्रले निस्तेज पार्नेछ र त्यसका लागि यो सरकार जनताको साथ र सहयोग लिएर अघि बढ्नेछ । यो सरकार संवैधानिक रिक्ततालाई परिपूर्ति गर्ने र संवैधानिक व्यवस्थालाई पूर्ण रुपमा बहाली गर्ने प्रयोजनले आएको सरकार हो । यो राज्यको एक अत्यन्तै फरक परिस्थितिले जन्माएको सरकार हो। राष्ट्रपतिजीले फागुन २१ मा नै निर्वाचनको मिति तोक्नुको कारण पनि संसद् विघटन भएको ६ महिनाभित्र निर्वाचन गर्नुपर्ने संवैधानिक प्रावधानअनुरुप नै हो । हामीले संविधानको रक्षा गर्ने र संविधानअनुसार चल्ने शपथ खाएका छौँ । त्यसैले हामीले खाएको निष्ठा जाँचिने गरी नै काम गर्नुपर्छ र समयमै निर्वाचन सम्पन्न गर्नुपर्छ । यसबाट हामी या कोही पनि दायाँबायाँ हुने छुट नै छैन ।

अर्को कुरा के हो भने यो सरकार विधिको शासन बहाली गर्ने, सुशासन बहाली गर्ने, जनतालाई दिनुपर्ने सेवा प्रवाहको अवस्थालाई अझ सुदृढ गर्ने र जनताको मन जित्ने बाटोबाट अगाडि बढेको सरकार हो। सरकारले कुनै शासक नभएर सहजकर्ताका रुपमा राज्यस्तरमा समन्वयात्मक रुपमा काम गरिरहेको कुरा त छर्लङ्गै छ, सबैले देखिरहनुभएकै छ। हामीले त यो सरकार बनेको भोलिपल्टदेखि नै निर्वाचन आयोगलाई सम्पर्क गरेर मतदाता नामावली अद्यावधिक लगायतका कामबाट निर्वाचन प्रक्रिया सुरु गरेका हौँ । अब मतदानको दिन आइसकेकाले जनताले निर्धक्क भएर मतदान गर्ने बाहेकको अर्को कुनै वैकल्पिक कुरा गर्नु पनि हुँदैन । म भन्छु, जसरी राज्यमा सिर्जना भएको विशेष परिस्थितिमा यो सरकार बन्यो, त्यस्तै विशिष्ट परिस्थितिमा यो निर्वाचन हुन गइरहेको छ । तोकिएकै समयमा निर्वाचन सम्पन्न गरेर निर्वाचित सरकारलाई प्रजातान्त्रिक तवरबाट सत्ता हस्तान्तरण गर्न हामी लागिपरेका छौँ र सबैले आ-आफ्ना स्थान र कामबाट निर्वाचनलाई सहयोग पुर्याउनुपर्छ भन्ने मेरो आग्रह छ ।

**अन्त्यमा, निर्वाचनका अब केही दिनमात्र बाँकी रहँदा एक गृहमन्त्रीको हैसियतले सबै नेपाली नागरिकलाई केही सन्देश दिन चाहनुहुन्छ ?**

यो नागरिक सरकार हो, त्यसैले निष्पक्ष सरकार हो । यो सरकारले पहिलेको भन्दा अझै निष्पक्ष र गुणस्तरीय चुनाव गराउनुपर्दछ । स्वतन्त्र ढङ्गले, निष्पक्ष र भयरहित रुपमा यो सरकारले निर्वाचन सम्पन्न गर्ने हो । त्यसका लागि आवश्यक सबै पूर्वाधारहरु तयार गरिसकेका छौँ । अहिले कानुन कार्यान्वयन गर्न, विधिको शासन बहाली गर्न र सुशासन बहाली गर्न यो सरकारलाई सजिलो छ भन्ने मलाई लाग्दछ। किनभने यहाँ कुनै दलीय दबाब या बाध्यताका कुनै पनि काम हुँदैनन्। त्यसैले निर्धक्क रुपमा मतदान गर्न र आफ्ना क्षेत्रबाट असल प्रतिनिधि चयन गर्न म सबैमा आग्रह गर्दछु। यसपालि हामीले गुणात्मक र सुदृढ सुरक्षा दिन्छौँ। सुरक्षा सुदृढ हुँदै गएको त अहिले नै पनि महसुस भएकै छ । त्यसैले पनि निर्वाचनको समयमा शान्तिसुरक्षाको कुनै पनि द्विविधा नलिन र पूर्णतया शान्तिको महसुस गर्न म फेरि पनि सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा आग्रह गर्न चाहन्छु । यो सरकार परिस्थितिले जन्माएको सरकार हो र पूर्ण रुपमा संवैधानिक रिक्तता भएको अवस्थामा त्यसको परिपूर्ति गर्नका लागि बनेको सरकार हो। त्यसैले हामीले निर्वाचनमार्फत् संवैधानिक रिक्तताको पूर्ति गर्न निर्वाचित सरकारलाई चाँडोभन्दा चाँडो सत्ता हस्तान्तरण गर्न आतुर छौँ। यही अवस्था र परिस्थितिलाई बुझेर निर्वाचनमा सक्रिय रुपमा सहभागी हुन सबैमा आग्रह गर्दछु।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८२/११/१३**

**कपुरण लाइटिङ्ग इन्डष्ट्रिज प्रा. लि.** को मिति २०८२/१०/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि. पोजेटिभ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (दर्ता नं. २७८८८०)** कायम गर्ने गरी मिति २०८२/११/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**युएईमा रोजगार**
कम्पनी: ALUMINIUM & LIGHT IND CO. ALICO LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/३० — चलानी नं.: ६०२३७६७२ — L.T. No.: 323619 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 13 | 0 | स. काममा दक्ष | 900 | ३५,५५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २० गते (4 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.२१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ४९५/०६१/०६२
**अल समिट म्यानपावर प्रा.लि.**
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company

**साउदीमा रोजगार**
कम्पनी: FOOD ASSESTS BEVERAGE SUPPLY A ONE-PERSON COMPANY — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८२/११/१२ — चलानी नं.: ६०२५२९१९ — L.T. No.:339547

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 21 | 0 | स. काममा दक्ष | 1000 | ३८,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन २० गते (4 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

C.D. HR
**C.D. HUMAN RESOURCES PVT. LTD.** Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Contact no: 9702686294, 9818272436, 9863766904

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**भू- वातावरण तथा सामाजिक शाखा**
चाकुपाट, ललितपुर

**बैरेया-बिक्रमसोता-दमार-मान्द्रे-सुपाखोला-खाचिकोट-नुवाकोट- अर्धाकोट- बालकोट सडक अन्तर्गतको बैरेया-सिमलपानी-लेउसे-गहुनेरी-शेरा-दमार-बेंशी खण्ड (२०.३४ कि.मि.), नयाँ निर्माण तथा स्तरोन्नति आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/ ११/१३**

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, बाणगङ्गा नगरपालिका र अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिकामा सडक विभाग, योजना तथा अनुगमन महाशाखा, भू-वातावरण तथा सामाजिक शाखाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग, योजना तथा अनुगमन महाशाखा, भू-वातावरण तथा सामाजिक शाखा चाकुपाट, ललितपुर |
| प्रस्तावको व्यहोरा | कपिलबस्तु जिल्ला, बाणगङ्गा नगरपालिका, वडा नं. २, विक्रामाशोताबाट सुरु भएर सिमलपानी, पावरा, शेरा दमार, बगर हुँदै अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका -१, बेंशीमा चोकसम्म जम्मा २०.३४ कि.मि. लम्बाईको सडकलाई नाली बाहेक ८.५ मि. चौडाईको कालोपत्रे सडकमा निर्माण। |
| प्रभाव पर्न सक्ने जिल्ला, स्थानीय तह र वडा | कपिलवस्तु जिल्ला, बाणगङ्गा नगरपालिका (वडा नं. २) (अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका (वडा नं. १,२, १३ र १४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिबेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाब पर्दछ भनि या यकिन गर्न सो स्थानको ग.पा. तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाब लिन आवश्यक भएकाले यो सार्बजनिक प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगना:**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| भू-वातावरण तथा सामाजिक शाखा<br>सडक विभाग, चाकुपाट, ललितपुर<br>फोन: ०१-५४२९०७५<br>ईमेल: gesunit@dor.gov.np | नेपाल सरकार- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>फोन: ०१-४२११७३२<br>ईमेल: Email: info@mopit.gov.np | ग्रिन भ्याली कन्सल्ट्यान्ट प्रा.लि.<br>अनामनगर, काठमाण्डौं<br>फोन: ९८५१११७४३४<br>ईमेल: consultant. greenvalley@gmail.com |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**भू- वातबावरण तथा सामाजिक शाखा**
चाकुपाट, ललितपुर

**गोरुसिङ्गे-सन्धिखर्क सडक अन्तर्गतको पत्थरकोट-पिरापानी ठाडा-देउराली-सन्धिखर्क खण्ड (५८ कि.मि.) स्तरोन्नति आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/११/१३**

लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका र सन्धिखर्क नगरपालिकामा सडक विभाग, योजना तथा अनुगमन महाशाखा, भू-वातावरण तथा सामाजिक शाखाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सडक विभाग, योजना तथा अनुगमन महाशाखा, भू-वातावरण तथा सामाजिक शाखा चाकुपाट, ललितपुर |
| **प्रस्तावको व्यहोरा** | अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका, वडा नं. १२, पत्थरकोट, पिरापानी, रजिया, चाक्ला, भेडामारे, अमराइ, ठाडादह, बुढीचौर, सुपादेउराली, खाँचीकोट, नरपानी, घुम्ती, जगत, फुदबाङ, सिहाले हुँदै सन्धिखर्क नगरपालिका, वडा नं. १, पाणिनी चोक (सन्धीखर्क बजार) सम्म जम्मा ५८ कि.मि. लम्बाईको सडकलाई नाली बाहेक ९ मि. चौडाईको कालोपत्रे सडकमा स्तरोन्नति । |
| **प्रभाव पर्न सक्ने जिल्ला, स्थानीय तह र वडा** | अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका (वडा नं. २, ३, ४ र १२) र सन्धिखर्क नगरपालिका (वडा नं. १, ३, ६ र ७) |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि या यकिन गर्न सो स्थानको ग.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगना:**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| भू-वातावरण तथा सामाजिक शाखा<br>सडक विभाग, चाकुपाट, ललितपुर ।<br>फोन: ०१-५४२९०७५<br>ईमेल:gesunit dor.gov.np | नेपाल सरकार- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं ।<br>फोन: ०१-४२११७३२<br>ईमेल:info@mopit.gov.np | सखुवा इन्जिनीयरङ्ग कन्सल्टेन्सी प्रा.लि., इमाडोल, ललितपुर ।<br>फोन. न.: ०१-५२०२४७३/ ४७८१७४०<br>इमेल:sakhuwaengineering@ gmail.com |

# पुलिसको जित, बागमती र आर्मीको 'ड्र'



## जय ट्रफी

**काठमाडौं/मस–** शंकर रानाको शतक र स्पिनर ललित राजवंशीको उत्कृष्ट बलिङमा नेपाल पुलिस क्लवले जय ट्रफी मेन्स इलाइट कपमा पहिलो जित आत्मसात गरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको आफ्नो दोस्रो खेलमा पुलिसले मंगलबार एपिएफलाई ९ विकेटले हराउँदै जय ट्रफीमा पहिलो जित निकालेको हो । मूलपानी क्रिकेट मैदानमा भएको त्रिभुवन आर्मी क्लब र बागमती प्रदेशबीचको खेल भने 'ड्र' भयो ।

पुलिसको जितमा स्पिनर ललित र ब्याटर शंकरले उत्कृष्ट प्रदर्शन गरे । शंकरले शतक प्रहार गर्दा ललितको नाममा कुल ९ विकेट रह्यो । ललितले पहिलो इनिङमा चार र दोस्रो इनिङमा पाँच विकेट लिए । ललित म्यान अफ दि म्याच पनि भए । कुल चार टोली खेलिरहेको जय ट्रफीमा पुलिसले पहिलो खेलमा आर्मीसँग हार व्यहोरेको थियो । दोस्रो खेलमा उत्कृष्ट बलिङ र ब्याटिङपछि एपिएफलाई हराउन सफल भयो ।

राष्ट्रिय टोलीका कप्तान रोहित पौडेल नेतृत्वको एपिएफको यो दोस्रो हार हो । एपिएफले एक सय १३ रनको लक्ष्य दियो । त्यो लक्ष्य पुलिसले मात्र एक विकेट गुमाएर भेट्टायो । पुलिसको जितमा ओपनर कुशल भुर्तेल ७१ रनमा अविजित रहे । उनले ५३ बलमा चार चौका र पाँच छक्का प्रहार गरे । अमित श्रेष्ठले ३२ रनमा अविजित रहे । कुशल र अमितले दोस्रो विकेटका लागि ९० रनको साझेदारी बन्यो । सोहेल कुँवर ७ रनमा आउट भए । एपिएफको बलिङमा भुवन कार्कीले १ विकेट लिए । पहिलो इनिङमा एपिएफ १८५ रनमा अलआउट भयो । पुलिसले दुई सय ७७ रनमा सात विकेट गुमाएर इनिङ समाप्तीको घोषणा गर्‍यो । पहिलो इनिङ समाप्तीमा एपिएफ ९२ रनले पछि थियो ।

दोस्रो इनिङमा एपिएफ दुई सय ४ रनमा अलआउट भयो । यससँगै पुलिसले एक सय १३ रनको लक्ष्य पाएको हो । दोस्रो इनिङमा एपिएफका ओपनर दीपक बोहोराले ९४ रन जोडे । १ सय २९ बलमा उनले ९ चौका र तीन छक्का प्रहार गरे । अमरसिंह राउटेला ३२, आसिफ शेख २१ तथा सन्दीप जोरा ११ रनमा आउट भए । पुलिसको बलिङमा ललित राजवंशीले पाँच, कुशल भुर्तेलले तीन तथा सागर ढकाल र शंकर रानाले समान एक विकेट लिए । त्यसअघि नेपाल पुलिसले टस जितेर बलिङ गर्ने निर्णय गर्‍यो । एपिएफको पहिलो इनिङमा सुमित महर्जनले ५५ रनको अर्धशतक बनाए । अन्यले राम्रो प्रदर्शन गर्न सकेनन् ।

पुलिसको बलिङमा ललित र सागर ढकालले समान ४ तथा कुशलले दुई विकेट लिए । पहिलो इनिङमा पुलिसले दुई सय ७७ रन बनायो । मध्य क्रमका ब्याटर शंकर राना एक सय ५ रनमा नटआउट भए । १ सय ५५ बलमा शंकरले तीन चौका र पाँच छक्का प्रहार गरे । दिलशाद अलीले ५८ र राशिद खानले ३० रन बनाए । एपिएफको बलिङमा इर्साद अहमद, अभिशेष गौतम, भुवन कार्की, युवराज खत्री, अमर रौटेला र सन्दीप जोराले समान एक विकेट लिए । पुलिसले ३७.५ अंक र एपिएफको ३८ अंक भएको छ ।

ओपनर आशुतोष घिरैयाको दुई अर्धशतकमा बागमतीले आर्मीविरुद्धको दोस्रो खेलमा ड्र गर्न सफल भएको छ । पहिलो खेलमा एपिएफले बागमतीलाई हराएको थियो । तर दोस्रो खेलमा सुधारिएको ब्याटिङपछि सन्दीप लामिछानेको कप्तानीमा रहेको बागमतीले खेल ड्र बनायो ।

बागमतीका आशुतोष प्लेअर अफ द म्याच भए । उनले पहिलो इनिङमा ७७ रन र दोस्रो इनिङमा ७८ रनको अर्धशतक बनाए । बागमतीले एक सय १८ रनको लक्ष्य दियो । त्यो लक्ष्य पछ्याएको आर्मीले चार विकेटको क्षतिमा ३९ रन बनायो । एकै ओभरमा सन्दीप लामिछानेले तीन विकेट लिए । यससँगै दोस्रो दिनको खेल पूरा भयो र खेल ड्र भयो । पहिलो इनिङमा बागमतीले सात विकेटको क्षतिमा दुई सय ५९ रन बनायो । आर्मीले सात विकेटको क्षतिमा ३ सय ५२ रन बनाएपछि इनिङ समाप्ती घोषणा गर्‍यो । आशुतोषसँगै रित गौतमले ५६ रनको अर्धशतकीय इनिङ खेले । दोस्रो इनिङमा बागमतीले तीन विकेटको क्षतिमा दुई सय १० रन बनाएपछि इनिङ समाप्त भयो ।

# साम्बाको उपचारका लागि खर्च जुट्यो, रकम संकलन रोक्न आग्रह



**काठमाडौं/मस–** नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी (साम्बा)ले आफ्नो उपचारको लागि आवश्यक खर्च जुटेको बताएकी छन् ।

